# प्राज्ञिक विशेषताहरूका आधारमा कक्षा ६ को हाम्रो नेपाली पाठ्यपुस्तकको अध्ययन

**तारानाथ काफ्ले**

क्याम्पस क्रमाङ्क : ७४-०६४/६६

परीक्षा क्रमाङ्क : २३३०१६१/६६

त्रि.वि. दर्ता : ९-२-१५-८९४-२००३

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा
विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका
निमित्त प्रस्तुत

**शोधपत्र**

शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा
शिक्षा विभाग सिन्धुली बहुमुखी क्याम्पस

२०६९

## कृतज्ञता ज्ञापन

नेपाली भाषाले नेपालको जातिगत र स्थानगत विविधतालाई एकताको सूत्रमा बाँध्ने काम गरेको छ । नेपाली भाषा देशको प्रशासकीय क्षेत्र, सूचना तथा सञ्चार, ज्ञान, विज्ञान, शिक्षा, राजनीति तथा सामाजिक सम्पर्कको तहसम्म फैलिएको छ । त्यसैले शिक्षाको माध्यम नेपाली भाषा रहेको छ भने विद्यालय तहदेखि महाविद्यालयका स्नातक तहसम्म अनिवार्य विषयका रुपमा यसको शिक्षण गरिन्छ । शिक्षाशास्त्र सङ्काय एवम् सामाजिकशास्त्र सङ्कायमा विशिष्टीकरण विषयका रूपमा स्नातकोत्तर तहसम्म अध्यापन हुने नेपाली भाषाकै एक अङ्गको रुपमा मानेर त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश प्रयोजनका लागि प्रस्तुत शीर्षक **प्राज्ञिक विशेषताहरूका आधारमा कक्षा ६ को हाम्रो नेपाली पाठ्यपुस्तकको अध्ययन** गरेको छु ।

यस शोधपत्र तयार गर्दा अत्यन्तै सौहार्दपूर्ण किसिमले मार्गदर्शन गर्नुहुने आदरणीय गुरु उपप्राध्यापक तथा शोध निर्देशक अर्जुनप्रसाद पौडेलप्रति कृतज्ञ छु । त्यस्तै शोध शीर्षक स्वीकृति दिई शोधपत्र तयारीका लागि आवश्यक सल्लाह, सुझाव प्रदान गर्नुहुने नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख एवम् उपप्राध्यापक भानुभक्त गुरुङप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोध लेखनको लागि आवश्यक सल्लाह दिने त्रिपुरेश्वर शिक्षा क्याम्पस बाहुनतिल्पुङका क्याम्पस प्रमुख श्री दुर्गाप्रसाद अधिकारी, श्री बैङ्कटेश्वर उ.मा.वि. बाहुनतिल्पुङका प्रधानाध्यापक श्री भीमप्रसाद अधिकारीलगायत सम्पूर्ण शिक्षक/कर्मचारीहरुप्रति आभारी छु । साथै यस शोध कार्यलाई पूरा गर्ने सन्दर्भमा आवश्यक सामग्री उपलब्ध गराई सहयोग पुऱ्याउनु

हुने श्री नि.मा.वि. जोगीडाँडाका प्रधानाध्यापक श्री हिरण्यप्रसाद पहाडीलगायत सम्पूर्ण शिक्षक मित्रहरुलाई धन्यवादका पात्र हुनुहुन्छ ।

अत्यन्तै लगन, कटिबद्धता र उत्साह प्रदान गर्दै जीवनका प्रत्येक थोपा पसिना सिञ्चित गरी मलाई यस अवस्थासम्म ल्याइ पुऱ्याउने मेरा पुजनीय बुबा ढोकप्रसाद काफ्ले र आमा कृष्णकुमारी काफ्लेलाई स-सम्मान सम्झन चाहन्छु । यसैगरी मलाई हौसला, प्रोत्साहन र अध्ययनका निम्ति समुचित वातावरण बनाइदिने मेरी जीवनसाथी गंगा काफ्लेलाई धन्यवाद दिन चाहन्छु । घरायसी काममा सहयोग गरी प्रेरणा दिने छोराहरु दीपक, दीनेश र दीवसमा शुभप्यार व्यक्त गर्दछु । त्यसैगरी मलाई प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नुहुने मेरा मित्र, आफन्त र शुभचिन्तकहरूलाई पनि धन्यवाद दिन चाहन्छु । यसैगरी यस शोधपत्रलाई सुसाङ्ख्यमा टङ्कन गरी अन्तिम रुप दिन सहयोग गर्नुहुने ए.एस्.पि.एम्. कम्प्युटर सेन्टरका श्री कृष्णहरि ढुङ्गेललाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्र आवश्यक मूल्याङ्कनका निम्ति नेपाली भाषा शिक्षा विभाग समक्ष पेश गर्दछु ।


शोधार्थी

तारानाथ काफ्ले

नेपाली भाषा शिक्षा विभाग

सिन्धुली बहुमुखी क्याम्पस

सिन्धुली

# शोधसार

| | | |
|---|---|---|
| शोधशीर्षक | : | **प्राज्ञिक विशेषताहरूका आधारमा कक्षा छ को हाम्रो नेपाली पाठ्यपुस्तकको अध्ययन** |
| शोधार्थी | : | तारानाथ काफ्ले |
| शोधनिर्देशक | : | अर्जुनप्रसाद पौडेल |
| विभाग/ क्याम्पस | : | शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली |
| शैक्षिक वर्ष | : | २०६४/०६६ |
| जम्मा अध्याय | : | ५ |
| पृष्ठ संख्या | : | ९+४७+५ |

## शोध प्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको हो ।

प्रस्तुत अध्ययनमा कक्षा ६ को हाम्रो नेपाली किताबलाई आधार बनाइएको छ । अध्ययनमा प्रस्तुत पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप निर्माण भएका छन्/छैनन् ? उक्त पाठ्यपुस्तकहरूअन्तर्गत के कस्ता विशेषताहरु रहेका छन् ? उक्त पाठ्यपुस्तकमा कुन-कुन कुरा उपयुक्त र कुन-कुन कुरा अनुपयुक्त छन् ? भाषा सिकाइका दृष्टिले यिनको पर्याप्तताको स्थिति के-कस्तो छ ? पाठ्यपुस्तकमा के-कस्ता कमी-कमजोरी रहेका छन् र त्यसलाई सुधार्ने उपाय के-के हुन सक्छन् ? जस्ता समस्याहरू विद्यमान छन् ।

यस अध्ययनका उद्देश्यहरू प्राज्ञिक विशेषताहरूका आधारमा कक्षा छको पाठ्यपुस्तकको अध्ययन गर्नु, उल्लेखित पाठ्यपुस्तकमा प्रयुक्त पाठ्यसामग्रीहरूको विश्लेषण गर्नु, उक्त पाठ्यपुस्तकका पाठ्यसामग्रीहरूको सबल र दुर्बल पक्षहरूलाई केलाउनु र सुधारका लागि सुझाव दिनु रहेका छन् ।

प्रस्तुत अध्ययन प्राज्ञिक विशेषताहरूका आधारमा कक्षा छको हाम्रो नेपाली किताबको अध्ययनमा केन्द्रित रहेकाले यो मुख्यतः पुस्तकालयीय विधिमा नै आधारित रहेको छ । यसको सामग्री सङ्कलनमा प्राथमिक स्रोतका रूपमा सामुदायिक विद्यालयमा पठनपाठन

हुने हाम्रो नेपाली किताब पाठ्यपुस्तक र पाठ्यक्रम सङ्कलन गरी उपयोग गरिएको छ । यो पाठ्यपुस्तकमा रहेर त्यसमा दिइएका आन्तरिक पक्षका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । यसका साथै शोधनिर्देशक गुरु, भाषा विशेषज्ञ गुरु तथा अग्रजहरूको राय र सल्लाह सुझाव तथा आवश्यक सामग्रीहरूको समेत सहयोग लिइएको छ ।

## शोध निष्कर्ष

१. पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रमलाई मुख्य आधार बनाइएको पाइयो । पाठ्यक्रमको उद्देश्यलाई परिपूर्ति गर्नेगरी भाषा पाठ्यपुस्तकमा विभिन्न विधा र पाठको चयन गरिन्छ तर यो पाठ्यपुस्तक पाठ्यक्रमअनुरूपताको आधारमा हुबहु चयन गरिएको पाइएन ।

२. प्रस्तुत पाठ्यपुस्तकमा भाषातत्त्वलाई पाठका रूपमा नराखी अभ्यासको रूपमा मात्र राखेको पाइयो ।

३. पाठ्यक्रमले भाषाका चारै सीपको विकासका लागि पाठ्यक्रमअनुरूप पाठहरू र पाठअनुरूप नमुना अभ्यास हुनुपर्ने तर त्यो हुन सकेको छैन ।

४. प्रस्तुत पाठ्यपुस्तकमा पाठहरूको स्तरण सरलताबाट जटिलतातिर जाने शिक्षाशास्त्रीय पद्धतिलाई अँगाल्ने सचेतता देखिएन ।

५. हाम्रो नेपाली किताब कक्षा ६ मा प्रत्येक पृष्ठको अन्त्यमा शब्दार्थ दिइएको पाइयो ।

६. चित्रको प्रयोग कम नै देखिन्छ ।

## शोधपत्रको रूपरेखा

**अध्याय एक** : शोध परिचय

**अध्याय दुई** : सैद्धान्तिक अवधारणा

**अध्याय तीन** : प्राज्ञिक दृष्टिले निर्धारित पाठ्यपुस्तकको अध्ययन विश्लेषण

**अध्याय चार** : निर्धारित पाठ्यपुस्तकको पाठ्यक्रमअनुरूपताको अध्ययन

**अध्याय पाँच** : निष्कर्ष र सुझावहरू

# परिच्छेद एक

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **प्राज्ञिक विशेषताहरूका आधारमा कक्षा ६ को हाम्रो नेपाली पाठ्यपुस्तकको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपाशि. ५९८ को आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ ।

## १.३ शोधपरिचय

नेपाल बहु भाषाभाषी भएको राष्ट्र हो । नेपालमा प्रयोग भइरहेको नेपाली भाषा भारोपेली परिवारको भाषा हो । यस परिवारका भाषाहरूको बेग्लै अस्तित्त्व रहेको छ । भोटबर्मेली, आग्नेयली र द्रबिडेली परिवारका भाषा मात्र नेपालमा बोलिन्छन् । यसरी हेर्दा चारवटा भाषा परिवारकै १०० भन्दा बढी भाषाहरू बोलिन्छन् । यसैले पनि बहुभाषी देशका रूपमा चिनिएको नेपालमा नेपाली भाषाले अन्य भाषाहरूसँग सम्प्रेषणको कार्य गर्दछ । नेपालको संविधान २०१५ र २०१९ ले नेपाली भाषालाई स्पष्ट रूपमा राष्ट्रभाषाको मान्यता प्रदान गरेको थियो । यसका साथै २०४७ सालको संविधानले पनि देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा, सम्पर्कको भाषा र सरकारी कामकाजको भाषा हुनेछ भनी व्यवस्था गरेको पाइन्छ । त्यस्तै अन्तरिम संविधान २०६३ ले यस देशमा मातृभाषाका रूपमा स्थापित सबै भाषालाई राष्ट्रभाषा मानेको छ । इत्तर नेपाली र सरल नेपाली मातृभाषीहरुको सम्पर्क भाषाका रुपमा नेपाली भाषाकै बढी प्रयोग देखिन्छ । यसबाट पनि नेपाली भाषाको महत्त्व ठूलो रहेको पुष्टि हुन्छ ।

नेपाली भाषाले नेपालको जातिगत र स्थानगत विविधतालाई एकताको सूत्रमा बाँध्ने काम गरेको छ । नेपाली भाषा देशको प्रशासकीय क्षेत्र, सूचना तथा सञ्चार ज्ञान विज्ञान,

शिक्षा राजनीति तथा सामाजिक सम्पर्कका तहसम्म फैलिएको छ । त्यसैले शिक्षाको माध्यम नेपाली भाषा रहेको छ भने विद्यालय तहदेखि महाविद्यालयका स्नातक तहसम्म अनिवार्य विषयका रूपमा यसको शिक्षण गरिन्छ। शिक्षाशास्त्र सङ्काय एवम् सामाजिकशास्त्र सङ्कायमा भने यसको विशिष्टीकरण विषयका रूपमा स्नातकोत्तर तहसम्म अध्यापन हुने गर्दछ ।

भाषा शिक्षणका सन्दर्भमा पाठ्यक्रम र पाठ्यपुस्तकका बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। पाठ्यक्रम शिक्षण प्रक्रियाको मुटु हो। पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयवस्तुको छनोट, शिक्षण व्यवस्थापन, विषयवस्तुको क्रम, क्षेत्र आदि निर्देशित गरिएका हुन्छन्। पाठ्यक्रमको लक्ष्यअनुसार पाठ्यपुस्तक तयार पारिन्छ। पाठ्यक्रम र पाठ्यपुस्तकबीच तालमेल नभएमा शिक्षण क्रियाकलापको गुणस्तरमा नकारात्मक प्रभाव पर्दछ। पाठ्पुस्तक भन्नाले विद्यार्थीहरूले गहन रूपमा अध्ययन गर्ने पुस्तक हो। पाठ्यक्रममा आधारित भएर तयार पारिएको पुस्तक नै पाठ्यपुस्तक हो। नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा विद्यालय तहका सबै कक्षाका विषयगत पाठ्यपुस्तकहरू निर्माण गरी अनिवार्य विषयका रूपमा लागू गरिएको छ। त्यस्तै निजी प्रयासमा पनि पाठ्यक्रमअनुरूपका सन्दर्भ सामग्रीहरू एवम् पाठ्यसामग्रीहरू निर्माण भई प्रयोगमा आइरहेका छन्। यी पाठ्यपुस्तकहरू एवम् पाठ्यसामग्रीहरूको निर्माणको मूल आधार भने एउटै पाठ्यक्रम रहेको छ। त्यसैले यो आधारबाट निर्मित पाठ्यसामग्रीको पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य बालमनोविज्ञान र भाषिक सीप विकास तथा प्राज्ञिक विशेषता आदिका पक्षबाट कतिको उपयुक्त छ, सोको बारेमा अध्ययन-अनुसन्धान हुनु आवश्यक देखिएको छ। त्यस्तै हाम्रो जस्तो विकासोन्मुख मुलुकमा कक्षा कोठाका सम्पूर्ण क्रियाकलापहरूलाई पाठ्यपुस्तकमा नै केन्द्रित गरिने हुनाले पनि पाठ्यपुस्तकको उपयुक्तताको खोजी गर्नु अझ बढी सान्दर्भिक मान्न सकिन्छ। अतः अध्येताले प्रस्तुत **प्राज्ञिक विशेषताहरूको आधारमा कक्षा ६ को हाम्रो नेपाली पाठ्यपुस्तकको अध्ययन** शीर्षकलाई शोधको विषय बनाइएको छ।

## १.४ समस्याकथन

कुनै पनि विषयको पाठ्यक्रम र पाठ्यपुस्तकबीचको सम्बन्ध नङ र मासुको जस्तो हुने गर्दछ । पाठ्यक्रम जतिसुकै सबल र प्रभावकारी भए पनि पाठ्यपुस्तक भएन भने पाठ्यक्रमको आफैँमा कुनै औचित्य रहँदैन । यसका साथै पाठ्यक्रमअनुरूप तयार नभएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्दा विद्यार्थीको भविष्य अन्धकारमय भई शिक्षण सिकाइ क्रियाकलाप नै खलबलिन पुग्दछ । तसर्थ पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य परिपूर्ति गर्ने खालका पाठ्यसामग्रीको प्रयोग गरिनु पर्दछ । पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक निर्माण गरिनु पर्दछ साथै विद्यार्थीको रुचि, आवश्यकता, स्तर आदि पक्षलाई ध्यान दिई उपयुक्त पाठ्यसामग्री उपयोगमा ल्याइनु पर्दछ । भाषा पाठ्यपुस्तक भाषाका चारओटा सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) लाई आधार मानी पाठ्यक्रमअनुरूप तयार पारिएको हुन्छ । हाम्रो जस्तो विकासोन्मुख मुलुकमा शैक्षणिक कार्यकलाप गराउँदा पाठ्यपुस्तकमै पूर्णरूपमा आधारित भएर गराउनुपर्ने भएको हुनाले भाषा पाठ्यपुस्तक शिक्षक, विद्यार्थी दुवैका लागि उपयोगी हुनुपर्ने देखिन्छ ।

यस अध्ययनमा वर्तमान अवस्थामा छ कक्षामा प्रयोग भइरहेको **हाम्रो नेपाली किताब** पाठ्यक्रममा उल्लेख भएअनुरूप प्राज्ञिक विशेषताका आधारमा निर्माण भए/नभएको विषयलाई समस्याका रूपमा लिइएको छ ।

प्रस्तुत अध्ययनका निम्नलिखित समस्याहरू रहेका छन्-

क. प्रस्तुत पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप निर्माण भएको छ, छैन ?

ख. आन्तरिक (विषयवस्तु, विधा तथा प्रस्तुत भाषिक संरचना र शैली, नमुना अभ्यास, चित्र आदि) दृष्टिले उल्लेखित पाठ्यपुस्तक के-कस्तो छ ?

ग. भाषा सिकाइका दृष्टिले यसको पर्याप्तताको स्थिति के-कस्तो छ ?

घ. उल्लेखित पाठ्यपुस्तकमा के-कस्ता कमी-कमजोरी रहेका छन् ?

## १.५ शोधका उद्देश्यहरू

क. प्राज्ञिक विशेषताहरूका आधारमा कक्षा छ को हाम्रो नेपाली किताब पाठ्यपुस्तकको अध्ययन गर्नु ।

ख. उल्लेखित पाठ्यपुस्तकमा प्रयुक्त पाठ्यसामग्री (विषयवस्तु, भाषा संरचना, नमुना अभ्यास,चित्र) का विश्लेषण गर्नु ।

ग. उपयुक्त आधारमा पाठ्यसामग्रीको तुलनात्मक अध्ययन गर्नु ।

घ. उक्त पाठ्यपुस्तकका पाठ्यसामग्रीहरूको सबल र दुर्बल पक्षहरूलाई केलाई सुधारका लागि सुझाव दिनु ।

## १.६ पूर्वकार्यको समीक्षा

कुनै पनि भाषा सिक्दा त्यस भाषासँग सम्बन्धित पाठ्यपुस्तकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ। भाषा सिकाइमा पनि भाषा पाठ्यपुस्तकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ। पाठ्यपुस्तकबाट नै शिक्षण कार्य निश्चित गरिने हुनाले पाठ्यपुस्तकको निर्माण र छनोटमा ध्यान दिनु आवश्यक छ। प्राथमिक तह माध्यमिक तहको प्रारम्भिक तहमात्र होइन, सिङ्गो रूपमा शिक्षण प्रक्रिया र तहकै जग हो । जग बलियो भए मात्र माथिल्लो तह बलियो हुन्छ। त्यसैले यस प्रारम्भिक तहमा भाषा शिक्षण गर्दा के-कस्ता र कति शब्दहरू छनोट गरेमा पाठ्यक्रमका उद्देश्यहरू पूरा हुन सक्दछन् ? विद्यार्थीको रुचि, क्षमता र स्तर अनुकूल हुन्छन् ? भाषिक रुचि विकासका लागि कुन-कुन विधाहरू उपयोग गर्न सकिन्छ ? कुन-कुन विधामार्फत के-के पाठ्यवस्तु शिक्षण गर्न तथा अभ्यास गर्न सकिन्छ ? तिनीहरूलाई पुस्तकमा सम्पादन गर्दा के-कस्तो रखाइ संयोजन गरिनु पर्दछ ? आदिजस्ता प्रश्नहरू पनि पाठ्यक्रम निर्माता र पाठ्यपुस्तक लेखक तथा प्रयोगकर्ताहरूले ध्यान दिनुपर्ने हुन्छ। यसरी पाठ्यपुस्तकमा शब्द, विधा र भाषिक सीपका अभ्यासहरू पठनबोधका अभ्यासहरू विषयवस्तु, चित्र भाषिक संरचना र शैलीजस्ता आन्तरिक पक्षको सन्तुलित संयोजनमा ध्यान दिइन्छ। त्यस्तै पाठ्यक्रमको भावना, उद्देश्य र विषयक्षेत्र तथा समय निर्धारण पक्षबाट पाठ्यपुस्तक निर्देशित र अनुकूल बनाइन्छ ।

नेपाली भाषा नेपालको सन्दर्भमा ज्ञान-विज्ञान, प्रविधि, दक्षता र सीपको आदान-प्रदान गर्ने एकमात्र माध्यम भाषा हो । यो राष्ट्र-राष्ट्रियताप्रति भावनात्मक तथा वैचारिक कर्मबोध गराउने र संस्कृति, साहित्य, एवम् कला प्रचारको माध्यम पनि भएकाले यसका तहगत एवम् कक्षागत पाठ्यक्रम र पाठ्यपुस्तकहरूको समय-समयमा अध्ययन, विश्लेषण गरिनु अत्यन्त आवश्यक छ। यसै सन्दर्भलाई ध्यानमा राखेर नेपाली भाषा विषयको पाठ्यक्रम र पाठ्यपुस्तकका बारेमा यहाँभन्दा पूर्व के-कति अध्ययन अनुसन्धान भएका छन् भनी यसमा संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

हेमाङ्गराज अधिकारीद्वारा वि.सं. २०४४ सालमा त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्रका लागि गरिएको अध्ययनमा **शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्वहरू** प्राथमिक, निम्न माध्यमिक र माध्यमिक पाठ्यक्रम र पाठ्यपुस्तकबारे चर्चा गरिएको छ । अध्ययनमा पाठ्यक्रमले भाषाबोध तथा अभिव्यक्तिका अपेक्षाहरू समेटेको तर पाठ्यपुस्तकको निर्धारण गर्दा भने अलग्गिएको निष्कर्ष निकालेको छ ।

नेत्रप्रसाद पौडेलले स्नातकोत्तर तहको आवश्यकता परिपूर्तिका लागि प्रस्तुत गरेको शोधपत्र २०५६ मा कक्षा ६ को **हाम्रो नेपाली किताब र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन** गरेका छन् । यसमा भाषा पाठ्यपुस्तकहरूका आन्तरिक र बाह्य विशेषताका आधारमा विश्लेषण गरिएको छ । अध्ययनअनुसार हाम्रो नेपाली किताबमा उल्लेखनीय त्रुटि नभएको र सरल नेपाली शृङ्खलामा विद्यार्थीको रुचि, उमेर मनोवैज्ञानिक पक्षलाई ध्यान नदिइएको कुरा निष्कर्षमा देखाइएको छ ।

गेहनाथ गौतमले २०५७ मा कक्षा पाँचको **मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन** गरेका छन् । यस अध्ययनअनुसार मेरो नेपाली किताबमा विधाहरूको रखाइक्रम दोहोरिएको छ । सजिलो नेपाली मालामा चाडपर्व हस्यौली, चुट्किला र गाउँखाने कथा विषयक्षेत्रको उचित प्रतिनिधित्व हुन सकेको देखिँदैन । दुवै सामग्री विधागत संख्या र पाठ संख्याको दृष्टिले कमजोर देखाइएका छन् ।

प्रकाश घिमिरेले २०५८ मा कक्षा ८ को **हाम्रो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन** गरेका छन् । दुवै सामग्रीहरू कक्षा ८ को नेपाली भाषा पाठ्यक्रमअनुरूप विषयक्षेत्र छनोट गर्ने क्रममा सजिलो नेपाली मालाभन्दा हाम्रो नेपाली

किताब पाठ्यक्रम नजिक भएजस्तो देखिए पनि त्यसले विधाका विषय क्षेत्रहरूलाई समेट्न सकेको पाइँदैन ।

कमलराज खनालले २०५९ मा कक्षा चारको **मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन** गरेका छन्। भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणका आन्तरिक र बाह्य आधारमा यो अध्ययन गरिएको छ। अध्ययनअनुसार विधागत पाठहरूको रखाइक्रम सजिलो नेपाली मालामा राम्रो देखिएको छ तर समग्रमा सजिलो नेपाली मालाभन्दा मेरो नेपाली किताब राम्रो देखिएको कुरा निष्कर्षको रूपमा दिएको छ।

यशोदा खड्काले २०५९ मा कक्षा ८ को **हाम्रो नेपाली किताब र सजिलो नेपाली मालामा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन** गरेको पाइन्छ। उक्त शोध अध्ययनमा समावेश भएका नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गरिएको पाइन्छ। यस अध्ययनबाट पाठ्यक्रम विकास केन्द्रद्वारा पाठ्यक्रमअनुसार नै निजी रूपमा तयार पारिएको पाठ्यसामग्री दुवैका तुलनात्मक अध्ययनले हाम्रो नेपाली किताब कक्षा ८ भन्दा निजी तवरमा तयार पारिएको सजिलो नेपाली माला केही स्तरीय भएको निष्कर्ष निकालिएको छ।

भोजकुमारी ठकुरीले २०६२ मा **हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपाली माला ६ को नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन** गर्नुभएको छ। कक्षा ६ का लागि नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नुमना अभ्यासलाई आधार बनाएर गरिएको उक्त अध्ययनको निष्कर्षमा अभ्यासको विविधता पहिलोमा भन्दा दोस्रोमा धेरै स्तरीयता रहेको, दुवैमा पाठमा आधारित रहेर अभ्यासहरू दिएको, पहिलोमा व्याकरणका पाठहरू छोटकरीमा दिएको र दोस्रोमा व्याकरणसँग सम्बन्धित विषयवस्तुहरू नदिइकन सो सम्बन्धी अभ्यास मात्र समावेश गरिएको निष्कर्ष निकालिएको छ।

पवित्र खनालले २०६३ मा कक्षा ६ को **हाम्रो नेपाली किताब र सरल नेपाली शृङ्खलामा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन** गरेको पाइन्छ। अध्ययनमा अभ्यासहरू पाठअनुकूल विद्यार्थीको रुचि अनुकूल हुनुपर्ने अभ्यासहरू दिइँदा कठिनाइ स्तरलाई समेत ख्याल गर्नुपर्ने, नुमना अभ्यासलाई परीक्षामा सोधिने प्रश्नसँग सामान्यजस्य बनाएर जानुपर्ने कुराहरूलाई सुझावका रूपमा प्रस्तुत गरिएको छ।

गोविन्दप्रसाद जोशीले २०६५ सालमा **कक्षा तीनको मेरो नेपाली किताब (२०५८) र मेरो नेपाली किताब (२०६४) को तुलनात्मक अध्ययन** गरेका छन् । उनले आन्तरिक र बाह्य पक्षका आधारमा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरेको पाइन्छ । उनको अध्ययनबाट व्याकरणका नियम घोकाउने उद्देश्यलाई दुवै पाठ्यपुस्तकले प्राथमिकता नदिएको, आवरण पृष्ठ र भित्री कागज दुवै पाठ्यपुस्तकमा कमजोर देखिएको, आधारको दृष्टिले मेरो नेपाली किताबको तुलनामा सरल नेपाली शृङ्खला ठूलो देखिएको कुरा निष्कर्ष निकालिएको छ ।

गीता खनालले २०६६ मा **कक्षा चारको मेरो नेपाली र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन** गरेकी छन् । यसमा भाषा पाठ्यपुस्तकहरूका आन्तरिक र बाह्य विशेषताका आधारमा अध्ययन विश्लेषण गरिएको छ । अध्ययनअनुसार कक्षा चारको मेरो नेपाली किताब र सरल नेपाली शृङ्खला पाठ्यक्रमअनुरूप बनाउने प्रयास गरिए तापनि पाठ्यक्रमले निर्दिष्ट गरेका सबै उद्देश्यहरूलाई नसमेटिएको निष्कर्ष निकालेकी छन् । त्यसैगरी मेरो नेपालीमा समावेश गरिएका पाठहरूभन्दा सरल नेपाली शृङ्खलामा प्रस्तुत भएका पाठहरू स्तरीय देखिएको कुरा उल्लेख गरेकी छन् ।

गीता पोखेलले २०६७ सालमा **कक्षा सातको हाम्रो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन** गरेकी छन् । उनले आन्तरिक र बाह्य पक्षका आधारमा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरेकी छन् । अध्ययनमा भाषातत्त्वका अभ्यासहरू हाम्रो नेपाली किताबमा परिभाषा र उदाहरण प्रशस्त मात्रामा दिइएका छन् भने सजिलो नेपाली मालामा परिभाषा नदिई उदाहरण दिने काम बढी गरिएको र यति हुँदाहुँदै पनि आकर्षण र अभ्यासका दृष्टिकोणबाट हाम्रो नेपाली किताबभन्दा सजिलो नेपाली माला नै स्तरीय देखिएको कुरा निष्कर्ष निकालेकी छन् ।

उपर्युक्त सर्वेक्षणबाट के प्रष्टिन्छ भने भाषा पाठ्यपुस्तकका बारेमा हालसम्म आंशिक रुपमा मात्र प्राज्ञिक विशेषतागत अध्ययन भएको देखिन्छ । बाह्य वा आन्तरिक विशेषताहरूलाई केलाउने प्रयास भएका छैनन् । खासगरी कक्षा छसँग सम्बन्धित नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकका बारेमा अझै पनि पर्याप्त किसिमले अध्ययन विश्लेषण हुन सकेको छैन भन्ने जानकारी प्राप्त हुन्छ । त्यसकारण प्रस्तुत अध्ययनमा **प्राज्ञिक**

**विशेषताहरूका आधारमा कक्षा छ को नेपाली (हाम्रो नेपाली किताब) पाठ्यपुस्तकको अध्ययन** गर्न खोजिएको छ । यसैगरी यो पाठ्यसामग्री पाठ्यक्रमअनुरूपता तथा विद्यार्थीको कक्षागत स्तरअनुसार कतिको उपयुक्त छ भनी पहिल्याउने प्रयाससमेत गरिएको छ ।

## १.७ अध्ययनको औचित्य

कुनै पनि देशको समसामयिक परिस्थितिलाई ध्यान दिएर राष्ट्रको लागि एउटा ठोस शिक्षा नीति तय गरिएको हुन्छ । यसैअनुसार तहगत एवम् कक्षागत उद्देश्यहरू निर्माण गरी पाठ्यक्रम बनाइएको हुन्छ । उक्त पाठ्यक्रमअनुसार विद्यार्थीको रुचि, उमेर, स्तर, पूर्वज्ञान अनुकूल मध्यनजर गरेर पाठ्यपुस्तक निर्माण गरिनु पर्दछ । असल पाठ्यसामग्रीले मात्र विद्यार्थीको गुणात्मक पक्षको विकास हुन सक्दछ । भाषा विषय पढाउनुको मुख्य उद्देश्य भाषाका विषयमा शिक्षण गर्नुमात्र नभएर भाषिक कुशलताको शिक्षण गर्नु पनि हो । यसर्थ भाषा पाठ्यपुस्तकको निर्माण पाठ्यक्रमका उद्देश्यअनुरूप भाषिक सीप विकास हुने किसिमले गर्नु पर्दछ ।

यसप्रकारले हाल कक्षा ६ मा पनि विभिन्न पाठ्यसामग्रीहरू पढाइ भइरहेका छन् । तीमध्ये “हाम्रो नेपाली किताब” पनि पर्दछ । यस अध्ययनमा सोही अनुरुप यो पाठ्यसामग्री के-कति मात्रामा मिल्दोजुल्दो, पाठ्यक्रमले तोकेबमोजिम विधा प्रस्तुत, सिकाइ उपलब्धि विद्यार्थीको स्तर अनुकूल विधाहरू रहेका छन् वा छैनन् जस्ता प्राज्ञिक कुराहरूको अध्ययन गरिएको छ । यस शोध कार्यले भाषा पाठ्यपुस्तक निर्मातालाई सामग्री सङ्कलनमा पक्कै सहयोग पुऱ्याउने छ । अर्कोतर्फ यसबाट विषय विशेषज्ञलाई सुधार गर्न अवसर उपलब्ध हुने देखिन्छ । साथै भाषा पाठ्यपुस्तकको महत्त्व बुझी त्यसैअनुरूप शिक्षण गर्न र कुनै पनि पाठ्यपुस्तकका प्राज्ञिक विशेषताहरूसँग तुलना गर्न पनि यसले मद्दत गर्ने देखिन्छ ।

यसैगरी भाषा शिक्षाको क्षेत्रमा यसको अध्ययनले विभिन्न भाषा पाठ्यपुस्तकमा रहेका प्राज्ञिक विशेषता पहिचान गरी एक अर्कामा तुलना गरी भाषिक सिकाइ उपलब्धि हासिल गराउन शिक्षक र विद्यार्थी दुवैमा सहयोग पुग्ने आशा गरिएको छ ।

## १.८ अध्ययनको सीमा

१. प्रस्तुत अध्ययन सार्वजनिक विद्यालयमा शिक्षण गरिने कक्षा छको हाम्रो नेपाली किताबको प्राज्ञिक विशेषताहरूको अध्ययनमा मात्र सीमित रहेको छ ।

२. उल्लेखित पाठ्यपुस्तकको अध्ययनका क्रममा पाठ्यक्रमलाई आधार बनाइएको छ ।

३. यस क्रममा उल्लेखित पाठ्यपुस्तकलाई असल भाषा पाठ्यपुस्तकमा हुनुपर्ने प्राज्ञिक गुणका आधारमा विश्लेषण गरिएको छ ।

४. अध्ययनका क्रममा आन्तरिक वा शैक्षिक पक्षअन्तर्गत विषयवस्तु, विधा तथा प्रस्तुति, भाषिक संरचना र शैली, नमुना अभ्यास, चित्र, भूमिका निर्देशनलाई मात्र आधार बनाइएको छ ।

५. अध्ययनलाई व्यवस्थित र प्रभावकारी बनाउनका निमित्त आवश्यक क्षेत्रमा सम्बन्धित विज्ञहरूको सल्लाह तथा सुझाव लिइएको छ ।

## १.९ शोधविधि

### १.९.१ सैद्धान्तिक ढाँचा

कुनै पनि तहमा अध्यापन गराइरहेका पाठ्यपुस्तकहरूका विभिन्न आधारहरू देखा पर्दछन् । यस अध्ययनमा तिनै आधारहरूमध्ये आन्तरिक आधारलाई लिइएको छ । आन्तरिक पक्षअन्तर्गत विषयवस्तु, विधा तथा प्रस्तुति, भाषिक संरचना र शैली, नमुना अभ्यास, चित्र, भूमिका आदि र अग्रिम पृष्ठहरू पर्दछन् ।

### १.९.२ सामग्री सङ्कलन

यस अध्ययनका लागि निम्नलिखित प्रक्रियाबाट आवश्यक सामग्री सङ्कलन गरिएको छः

(क) यस कार्यका लागि मूलतः पुस्तकालयीय अध्ययनलाई सामग्री सङ्कलनको मुख्य आधार बनाइएको छ ।

(ख) यसमा प्रस्तुत विषयका पाठ्यक्रम र पाठ्यपुस्तकलाई पनि मुख्य सामग्रीका रूपमा अपनाइएको छ ।

(ग) यस कार्यमा विद्वान्हरूको राय सुझावहरूलाई पनि मार्गदर्शनका रूपमा लिइएको छ ।

### १.९.३ विश्लेषण प्रक्रिया

यस कार्यमा विद्वान तथा विशेषज्ञहरूद्वारा भाषा पाठ्यपुस्तकमा हुनुपर्ने गुणका आधारमा तयार पारिएका पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारहरूलाई नै आधार मानेर विश्लेषण तालिकाको निर्माण गरी त्यसै व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत पाठ्यपुस्तकको प्राज्ञिक विशेषताहरूको अध्ययनलाई सकेसम्म संक्षिप्त र वस्तुपरक बनाउने प्रयास गरिएको छ । पाठ्यपुस्तकको विश्लेषणमा विद्यार्थीको मानसिक स्तर, पाठ्यक्रमअनुरूपता, क्रमबद्धता, स्तरीयताजस्ता कुरामा पनि ध्यान दिइएको छ ।

यस कार्यमा प्रस्तुत पाठ्यपुस्तकभित्रका प्राज्ञिक विशेषताहरूको अध्ययनका क्रममा सम्भावित समस्याहरूको आँकलन गरी सोहीअनुसार तालिकाको निर्माण गरेर विषय विशेषज्ञ शोध निर्देशक र शिक्षकहरूसँग लिइएको राय सुझावका आधारमा समस्याहरूको विश्लेषण गरिएको छ ।

### १.१० शोधपत्रको रूपरेखा

**अध्याय एक** : शोध परिचय

**अध्याय दुई** : सैद्धान्तिक अवधारणा

**अध्याय तीन** : प्राज्ञिक दृष्टिले निर्धारित पाठ्यपुस्तकको अध्ययन विश्लेषण

**अध्याय चार** : निर्धारित पाठ्यपुस्तकको पाठ्यक्रमअनुरूपताको अध्ययन

**अध्याय पाँच** : निष्कर्ष र सुझावहरू

परिच्छेद दुई

# सैद्धान्तिक परिचय

## २.१ भाषा पाठ्यपुस्तकको परिचय

पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य परिपूर्ति गर्नका लागि तयार पारिएको साधन नै पाठ्यपुस्तक हो । अर्को शब्दमा पाठ्यक्रम संविधान हो भने पाठ्यपुस्तक त्यसै संविधानअनुरूप निर्माण गरिएको कानुन हो । पाठ्यपुस्तक शिक्षक विद्यार्थीहरूका लागि पाठ्यक्रमअनुरूप तयार पारिएको महत्त्वपूर्ण एवम् आधिकारिक पाठ्यसामग्री हो । विद्यालय तथा महाविद्यालयहरूमा पठनपाठनका क्रममा प्रयोग हुने पाठ्यपुस्तकले शिक्षकलाई योजनाबद्ध ढङ्गले शिक्षण गर्न मद्दत गर्दछ भने विद्यार्थीहरूलाई अभ्यासमा सरिक हुन, कक्षा कार्यकलापमा सक्रिय ढङ्गले सहभागी हुन, गृहकार्यमा प्रवृत्त हुन, उद्देश्यअनुरूपका उपलब्धिहरू प्रभावकारी ढङ्गले हासिल गर्न सहयोग पुऱ्याउने कार्य पाठ्यपुस्तकले गर्दछ । त्यसकारण यो शिक्षक तथा विद्यार्थीका लागि शिक्षक सिकाइ कार्यकलापमा मद्दत गर्ने उपयोगी साधन हो । कतिपय स्थानमा पाठ्यपुस्तकले पाठ्यक्रम र शिक्षककै भूमिका निर्वाह गरेको हुन्छ । विद्यालयीय शिक्षण सिकाइका सम्पूर्ण क्रियाकलाप पाठ्यपुस्तकमै आधारित हुन्छ ।

भाषा पाठ्यक्रमको मर्म र भावनाअनुसार भाषा पाठ्यपुस्तक तयार गरिन्छ । यो शिक्षण सामग्री हो । यसले सम्बन्धित विषयका बारेमा ज्ञान दिनुका साथै भाषाका चारवटै सीपको विकास गर्न मद्दत गर्दछ । भाषा पाठ्यपुस्तक विद्यार्थीको रुचि, स्तर, तह, समयजस्ता पक्षहरूलाई ख्याल गरी पाठ्यक्रमको दायराभित्र बसी तयार पारिएको हुन्छ । विद्यार्थीको मानसिक र बौद्धिक क्षमताअनुसारको भाषिक ज्ञान तथा सीप प्रदान गर्न यसले सहयोग गर्दछ । पाठ्यपुस्तकका बारेमा विभिन्न विद्वान्हरूले भिन्नभिन्न विचार प्रकट गरेका छन् । जुन निम्नानुसार छन्-

"पाठ्यपुस्तक भनेको कुनै निश्चित तहमा खास विषयको निर्धारित पाठ्यांशका लागि व्यवस्थित ढङ्गले तयार पारिएको अपेक्षित शिक्षण सिकाइमा प्रयोग गरिने प्रमुख अध्ययन स्रोत र सामग्री हो ।"

- गुड (१९५९ : पृ. ५६७-६८)

"पाठ्यपुस्तक भनेको शिक्षण सामग्रीको एउटा प्रकार हो, जसले शिक्षण सिकाइ प्रक्रियाका लागि साधनको काम गर्दछ । यो विद्यालय, महाविद्यालय, विश्वविद्यालय र घरमा पनि व्यापक रूपले प्रयोग हुने सबै सामान्य ढङ्गको शिक्षण सामग्री हो ।"

- तनेजा (१९७३ : ६)

"विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीलाई औपचारिक तवरले पढाउने पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ ।"

- नेपाली बृहत् शब्दकोश (२०५५ : पृ. १०)

"विशेषज्ञद्वारा सम्बन्धित क्षेत्रमा उपयोगी हुने शिक्षण प्रक्रियाहरू अँगाली सतर्कतापूर्वक तयार पारिएको कक्षा कोठामा प्रयोग गर्ने सामग्री नै पाठ्यपुस्तक हो ।"

- बेकन, ह्यारिस (१९६० : १५१७)

उपर्युक्त परिभाषाका आधारमा कुनै खास विषयमा लेखिएको सम्बन्धित विषयका उद्देश्यहरू परिपूर्ति गर्नका लागि तयार पारिएको सामग्री नै पाठ्यपुस्तक हो र पाठ्यपुस्तकलाई औपचारिक, अनौपचारिक शिक्षाका लागि अति महत्त्वपूर्ण सामग्रीको रूपमा लिन सकिन्छ ।

भाषा पाठ्यपुस्तक र अन्य विषयका पाठ्यपुस्तकमा प्रशस्त भिन्नता रहेको हुन्छ । भाषा पाठ्यपुस्तकहरू सम्बन्धित विषयका बारेमा ज्ञान दिनका लागि नभएर भाषिक सीप विकास गराउने उद्देश्यले निर्माण गरिएका हुन्छन् । भाषा पाठ्यपुस्तकले सम्बन्धित तह र कक्षाका विद्यार्थीहरूलाई भाषा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउँछ । भाषा पाठ्यपुस्तकमा भाषा साधन र विषयवस्तु साध्य दुबै रूपमा आएको हुन्छ ।

भाषा पाठ्यपुस्तकको अध्ययन गर्दा दुई आधारमा गर्नुपर्दछ । ती हुन्- आन्तरिक र बाह्य आधार । प्रस्तुत अध्ययनमा आन्तरिक आधारलाई मात्र विषयवस्तुका रूपमा छनोट गरी आन्तरिक पक्षको मात्र सविस्तार (विशेषताहरू) अध्ययन गरिएको छ। आन्तरिक आधारअन्तर्गत विषयवस्तु, त्यसको प्रस्तुति, भाषा, नमुना अभ्यास, चित्र, भूमिका तथा निर्देशन पर्दछन् । आन्तरिक आधारलाई शैक्षिक पक्ष पनि भन्छि। स्तरीय पठनपाठनका लागि उपयुक्त पाठ्यपुस्तक, दक्ष शिक्षक तथा असल शैक्षिक व्यवस्थापन हुनुपर्दछ। पाठ्यपुस्तकले नै कक्षा कार्यकलापलाई उद्देश्योन्मुख बनाउने भएकाले पर्याप्त मात्रामा

सन्दर्भ र सहायक सामग्रीको विकास भई नसकेको हाम्रोजस्तो मुलुकमा भाषा पाठ्यपुस्तक नै भाषा शिक्षणको आधार हो भन्ने प्रतीत हुन्छ ।

## २.२ भाषापाठ्यक्रम र भाषा पाठ्यपुस्तकको सम्बन्ध

पाठ्यक्रम सम्बन्धित तहको शैक्षिक कार्यकलापको योजना हो । जसमा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयवस्तुको छनोट, शिक्षण व्यवस्थापन, विषयवस्तुको क्रम क्षेत्र आदि निर्देशित गरिएको हुन्छ । **पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो,** (रा.शि.प.यो. : २०२८ : १३२) । शिक्षण सिकाइ क्रियाकलाप उपयुक्त ढङ्गले सञ्चालन गरी निर्दिष्ट लक्ष्य प्राप्त गर्न, शिक्षण प्रक्रियालाई सही गोरेटोमा डोऱ्याउने मार्गदर्शकको कार्य पाठ्यक्रमले नै गर्दछ । पाठ्यक्रम शिक्षण प्रक्रियाको अभिन्न अङ्ग हो । पाठ्यक्रमको उद्देश्य पूर्ति गर्न आवश्यक पर्ने विभिन्न सामग्रीमध्ये एउटा महत्त्वपूर्ण सामग्री पाठ्यपुस्तक पनि हो । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यको पूर्ति गर्न क्रमबद्ध रूपमा प्रस्तुत हुने सामग्रीको भूमिका पाठ्यपुस्तकले निर्वाह गर्दछ । पाठ्यक्रमद्वारा निर्दिष्ट गरिएका कुराहरू प्रस्ट्याउने काम पनि पाठ्यपुस्तकले गर्दछ ।

विषयको प्रकृतिअनुरूप पाठ्यक्रम र पाठ्यपुस्तकको प्रकृति पनि फरक फरक किसिमको हुन्छ । यसअनुसार भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको प्रकृति अन्य पाठ्यक्रम र पाठ्यपुस्तकको भन्दा फरक हुन्छ । भाषा पाठ्यपुस्तकमा भाषिक प्रयोजनका विषयवस्तु राखिएका हुन्छन् भने अन्य विषयका पाठ्यपुस्तकमा वैयक्तिक प्रयोजनअनुरूपका विषयवस्तु राखिएका हुन्छन् ।

"भाषा पाठ्यक्रमले तय गरेका उद्देश्य तथा निर्देशन गरेका भाषिक विषयवस्तुहरूको क्षेत्र र क्रमको दायराभित्र रही शिक्षण सिकाइका निम्ति उपयुक्त हुने गरी भाषिक सामग्रीको विस्तृत सङ्कलन र सङ्गठन पाठ्यपुस्तकमा गरिएको हुन्छ" (शर्मा र पौडेल, २०६० : ३५४) । पाठ्यक्रमको निर्देशनबिना पाठ्यपुस्तक एक्लैले केही गर्न सक्दैन । पाठ्यक्रमबाट शिक्षकले विद्यार्थीलाई कुन कक्षामा के सिकाउने, कति सिकाउने, कसरी सिकाउने, मूल्याङ्कन कसरी गर्ने आदि कुराको सुझ प्राप्त गर्दछ भने पाठ्यक्रमले तोकेको विषयको विस्तृत सङ्कलन तथा क्रमबद्ध प्रस्तुति पाठ्यपुस्तकमा गरिएको हुन्छ । शिक्षाका राष्ट्रिय

उद्देश्य, तहगत उद्देश्य, विषयवस्तुको छनोट, शिक्षण व्यवस्थापन, विषयवस्तुको क्रम, अङ्क विभाजन आदि कुराहरू पाठ्यक्रममा निर्देशित हुन्छन् र त्यसैअनुसार पाठ्यपुस्तक पनि तयार गरिन्छ। भाषा शिक्षणसम्बन्धी व्यवस्थित एवम् नियोजित कार्यक्रमलाई नै भाषा पाठ्यक्रम भनिन्छ।

पाठ्यक्रमले निर्धारण गरेका तहगत एवम् विषयगत उद्देश्य परिपूर्ति गर्ने आधारबाट नै पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ। भाषा पाठ्यपुस्तकहरू पनि भाषा पाठ्यक्रममा उल्लेखित सीपगत आधारमा तयार गरिएका हुन्छन्। पाठ्यक्रमको उद्देश्यअनुरूप नै पाठ्यपुस्तकमा विषयवस्तुको छनोट गरिएको हुन्छ। साथै क्षेत्र र क्रमलाई पनि ध्यान दिनु पर्दछ। पाठ्यक्रमका आधारमा पाठ्यक्रमले तोकेबमोजिम विषयवस्तुको छनोट, तिनको क्षेत्र र क्रमको सङ्गठनलाई हेरेर पाठ्यक्रमको निर्माण गरिने हुँदा पाठ्यक्रम र पाठ्यपुस्तकबीच घनिष्ठ सम्बन्ध रहेको हुन्छ। पाठ्यक्रमले निर्धारण गरेका सैद्धान्तिक कुराहरूलाई पाठ्यपुस्तकले व्यावहारिक रूपमा प्रस्तुत गर्दछ। मूल्याङ्कन गर्दा शैक्षिक प्रक्रिया, शैक्षिक कार्यक्रम, सिकाइको स्तर, विद्यार्थीका उपलब्धिजस्ता पक्षको जानकारी पाठ्यपुस्तककै आधारमा गरिन्छ। साथै जुनसुकै पक्षको मूल्याङ्कन गर्दा पनि पाठ्यपुस्तकलाई आधार बनाइन्छ। पाठ्यक्रमले सूत्रात्मक ढङ्गले दिएका कुरा पाठ्यपुस्तकले व्याख्यात्मक ढङ्गले लेखेको हुन्छ। पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यअनुरूपका विषयवस्तु, सीप, विधा, शिक्षणविधि क्षेत्र, क्रम आदिको सङ्गठन गरी पाठ्यपुस्तक निर्माण गरिने भएकाले पाठ्यक्रम र पाठ्यपुस्तकका बीच गाढा सम्बन्ध रहेको हुन्छ। पाठ्यक्रमले निर्धारण गरेका सैद्धान्तिक कुराहरूलाई पाठ्यपुस्तकले व्यावहारिक रूपमा प्रस्तुत गर्दछ। मूल्याङ्कन गर्दा शैक्षिक प्रक्रिया, शैक्षिक कार्यक्रम, सिकाइको स्तर, विद्यार्थीका उपलब्धिजस्ता पक्षको जानकारी पाठ्यपुस्तककै आधारमा गरिन्छ। साथै जुनसुकै पक्षको मूल्याङ्कन गर्दा पनि पाठ्यपुस्तकले व्याख्यात्मक ढङ्गले लेखेको हुन्छ। पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यअनुरूपका विषयवस्तु, सीप, विधा, शिक्षणविधि, क्षेत्र, क्रम आदिको संगठन गरी पाठ्यपुस्तक निर्माण गरिने भएकाले पाठ्यक्रम र पाठ्यपुस्तकका बीच गाढा सम्बन्ध रहेको हुन्छ। पाठ्यक्रममा स्रोत सामग्रीको उल्लेख गरिएको हुन्छ भने पाठ्यपुस्तकमा स्रोत साममग्री प्रस्तुत गरिन्छ।

## २.३ भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारहरू

पाठ्यपुस्तक शिक्षण सामग्रीको उच्चतम नमुना हो । यसलाई औपचारिक शिक्षाका लागि अपरिहार्य सामग्री मानिन्छ । पाठ्यपुस्तक समयसापेक्ष, शैक्षिक गुणले युक्त, बोधगम्य छ वा छैन भनेर समय-समयमा यसको अध्ययन विश्लेषण गरिनु पर्दछ । पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधार सामान्यतया आन्तरिक र बाह्य गरी दुई किसिमका हुन्छन् । अध्ययनका क्रममा यहाँ कक्षा ६ को हाम्रो नेपाली किताबलाई आन्तरिक पक्षका विशेषताहरूका आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ । आन्तरिक आधारअन्तर्गत विषयवस्तु, त्यसको प्रस्तुति, भाषा, चित्र, नमुना अभ्यास, भूमिका तथा निर्देशन पर्दछन् ।

### २.३.१ आन्तरिक वा शैक्षिक पक्ष

#### २.३.१.१ विषयवस्तु

भाषा पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु साथै विभिन्न स्रोतबाट लिइएको हुन्छ । विषयवस्तुको छनोट विषयवस्तुगत विविधता, विद्यार्थीको रुचि, स्तरअनुकूल, पाठ्यक्रमले अपेक्षा गरेको विधाबमोजिम विद्यार्थीको पूर्वशैक्षणिक अनुभव र अपेक्षित भाषिक सीपको प्राप्तिलाई ध्यान दिएर गरिनु पर्दछ । विषयवस्तु सामाजिक, सूचनामूलक, धार्मिक, सांस्कृतिक क्षेत्रलाई समेट्न सक्ने भाषा शिक्षणका सूत्रमा आधारित, सीपमूलक श्रमप्रति आस्था जगाउने, रुचिकर, प्रेरणादायी हुनुपर्दछ ।

#### २.३.१.२ विधा तथा प्रस्तुति

भाषा पाठ्यपुस्तकमा विधागत विविधताका साथै आपसी संयोजन समेत हुनुपर्दछ । विधागत विविधताले विद्यार्थीलाई पढ्दा रोचकता प्रदान गर्नुका साथै पाठ्यक्रमद्वारा अपेक्षित भाषिक सीप प्राप्तिमा समेत सहयोग पुऱ्याउँछ । विधागत प्रस्तुतिमा विशेषगरी छनोट र स्तरणलाई ध्यान दिनु पर्दछ । विधागत प्रस्तुतिमा विद्यार्थीको रुचि, स्तर, क्षमताजस्ता पक्षलाई बिर्सनु हुँदैन । विधागत प्रस्तुति सरलबाट जटिल, ज्ञातबाट अज्ञात, स्थूलबाट सूक्ष्मतर्फको क्रममा राखिएमा भाषा पाठ्यपुस्तक उपयुक्त र प्रभावकारी हुन्छ ।

### २.३.१.३ भाषा

पाठ्यपुस्तकभित्र प्रयोग गरिने भाषिक संरचनाको सम्पूर्ण स्तर भाषा हो। भाषा पाठ्यपुस्तकमा प्रयोग हुने वाक्य ढाँचाहरू भाषिक सीप आर्जन हुने खालका हुनुपर्दछ। भाषा विद्यार्थीको तह अनुकूल सरल, सुवोध, रुचिपूर्ण एवम् व्यावहारिक हुनु पर्दछ। प्राथमिक तहमा विद्यार्थीको बौद्धिक क्षमतालाई दृष्टिगत गरी छोटा र सरल वाक्यहरूको प्रयोग गरिनु पर्दछ भने व्याकरणको प्रयोग सैद्धान्तिक ज्ञान दिने उद्देश्यले मात्र नभई सामान्य धारणा दिने उद्देश्यले प्रस्तुत गर्नु उपयुक्त हुन्छ। विद्यार्थीको पूर्व अनुभवका आधारमा वाक्यहरू प्रस्तुत गर्नु पर्दछ।

### २.३.१.४ नमुना अभ्यास

नमुना अभ्यास हरेक पाठ्यपुस्तकको अभिन्न अङ्ग भएजस्तै भाषा पाठ्यपुस्तकको समेत अभिन्न अङ्ग हो। भाषा पाठ्यपुस्तकमा प्रत्येक पाठका अन्त्यमा राखिएका नमुना अभ्यासहरू कक्षाको स्तर, विद्यार्थीको क्षमता, रुचि र सिकाइ प्रवृत्तिअनुरूप तय गरिएको हुनुपर्दछ। सरलदेखि जटिलताको क्रममा अभ्यासहरूलाई स्तरीकृत गरिएको हुनुपर्दछ। प्रत्येक नमुना अभ्यासबाट भाषिक सीपको अभ्यास होस् भन्ने अपेक्षा गरिएको हुन्छ। नमुना अभ्यास भाषिक सीप सिकाउने तथा पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य परिपूर्ति गर्ने खालका हुनु पर्दछ। जस्तै : कथा विधापछि राखिने अभ्यासले विद्यार्थीलाई बोध क्षमताको विकास, वाक्यगठन, द्रूतपठनजस्ता भाषिक कुशलता प्राप्त गर्न सघाउनु पर्दछ। भाषिक सीप बढाउने पाठ्यवस्तुलाई जोड दिनु पर्दछ।

### २.३.१.५ चित्र

पाठ्यवस्तुलाई अझ स्पष्ट पार्न, आकर्षक, रुचिपूर्ण बनाउने, कुनै नवीन विषयवस्तुका बारेमा धारणा बसाल्न चित्र उपयोगी हुन्छ। भाषा पाठ्यपुस्तकमा समावेश गरिने चित्रहरू पनि आकर्षक, दुरुस्त, उपयुक्त आकारका हुनुका साथै प्रसङ्ग आएकै ठाउँमा

प्रयोग गरिनु पर्दछ । हजार शब्दको प्रतिनिधित्व एक चित्रले गर्न सक्छ भन्ने भनाइअनुसार चित्रको चयन गरिनु पर्दछ ।

### २.३.१.६ भूमिका तथा निर्देशन

पाठ्यपुस्तकको महत्त्वपूर्ण एवम् परिचयात्मक खण्ड भूमिका तथा निर्देशन पनि हो । यसैका आधारमा निर्दिष्ट पाठ्यपुस्तकका कुन पाठ कुन उद्देश्यले शिक्षण गरिनु पर्दछ भनेर जानकारी प्राप्त हुन्छ । पाठ्यपुस्तकमा दिइने भूमिका तथा निर्देशन शिक्षकलाई शिक्षण कार्यमा सहयोग पुऱ्याउने खालका, स्पष्ट र व्यावहारिक हुनु पर्दछ ।

## परिच्छेद तीन

## प्राज्ञिक दृष्टिले निर्धारित पाठ्यपुस्तकको अध्ययन विश्लेषण

### ३.१ विषयप्रवेश

प्राथमिक तह पार गरेर माध्यमिक तह नपुग्दाको बीचको तह नि.मा.वि. तह हो । कक्षा ६ नि.मा.वि. तहको पहिलो कक्षा हो । ११ वर्षदेखि १२-१३ वर्षको बीचका बालबालिकाले यो तहमा अध्ययन गर्दछन् । कक्षा ५ पार गरेर कक्षा ६ मा पुगेका विद्यार्थीहरूको पूर्वअनुभव, रुचि, स्तर आदिलाई ध्यानमा राखी कक्षा ६ को पाठ्यक्रम निर्माण गरिएको हुन्छ । हरेक कक्षा वा तहको अन्तमा हासिल हुने उपलब्धिहरू भाषिक सीप कार्यमूलक व्याकरणका विभिन्न तहहरू पाठ्यक्रमले निर्देशित गरेको हुन्छ । पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू पूर्ति हुने किसिमले पाठ्यपुस्तकहरू निर्माण गरिएका हुन्छन् । कक्षा ६ को पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरूको परिपूर्ति गर्न कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा कथा, कविता, प्रबन्ध, जीवनीआदि विधाहरू समावेश भएका छन् ।

कुनै पनि सामग्री वा वस्तुको परिचय दिन जति सजिलो हुन्छ, त्यसको विशेषताहरू औँल्याउन कठिन हुन्छ । अझ त्यसमा पनि पाठ्यक्रमको आधारमा बनेको पाठ्यपुस्तकको अध्ययन योभन्दा पनि कठिन हुन सक्छ । यसैअनुरूप कक्षा छको हाम्रो नेपाली किताबको प्राज्ञिक विशेषताहरूको अध्ययन भन्ने अनुसन्धानको विषय हो ।

यसर्थ यस अध्ययनमा पाठ्यक्रम र निर्धारित पाठ्यपुस्तकहरूमा विषयवस्तु, विधा तथा प्रस्तुति, भाषिक संरचना शैली र नमुना अभ्यासका दृष्टिले के-कति समानता र असमानता छन् भनी हेर्ने जमर्को गरिएको छ ।

### ३.२ प्राज्ञिक विशेषताहरूको आधारमा 'हाम्रो नेपाली किताबको अध्ययन'

### ३.२.१ विषयवस्तुको आधारमा निर्धारित भाषा पाठ्यपुस्तकको अध्ययन

भाषा पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु विद्यार्थीको क्षमता, स्तर अनुकूलका क्षेत्रबाट लिइएको हुनुपर्दछ । कक्षा ६को नेपाली किताबमा ४ वटा कविता, ५ वटा कथा, ५ वटा प्रबन्ध,१ वटा वादविवाद, १ वटा निवेदन र १ वटा चिठी संम्वाद १ र ४ वटा जीवनी

गरी गरी जम्मा २२ वटा विधागत पाठहरू राखिएका छन्। यी पाठहरूमा राखिएका विषयवस्तु प्राकृतिक, सामाजिक र सांस्कृतिक, पौराणिक र लोकजीवनसँग सम्बन्धित राष्ट्रप्रेम जगाउने उपदेशात्मक खालका छन्। यस पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू लोकजीवनसँग सम्बन्धित, नैतिक तथा राष्ट्रिय मूल्य मान्यताप्रति सजग गराउने, शिक्षाप्रद, आपसी प्रेमभावनाको विकास गराउनेतर्फ उन्मुख भएका छन्। कविताहरू परिचयात्मक, राष्ट्रिय, सामाजिक, नैतिक, सांस्कृतिक, प्राकृतिक, देशप्रेम झलकाउनतिर उन्मुख देखिन्छन्। संवाद मनोरञ्जनात्मक तथा जानकारीमूलक देखिन्छ। प्रबन्ध वर्णनात्मक, विवरणात्मक प्रकृतिका देखिन्छन्। जीवनी राष्ट्रिय व्यक्तित्वको पहिचान गराउने र उत्प्रेरणा जगाउने खालका रहेका छन्।

भाषा पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु त्यसको केन्द्रीय भाग हो। विद्यार्थीहरूले शिक्षण सिकाइ क्रियाकलापबाट सिक्ने ज्ञान र सीपको स्रोत भनेको विषयवस्तु नै हो। पाठ्यपुस्तकमा राखिएका विषयवस्तुले नै विद्यार्थीलाई विभिन्न कुराका बारेमा ज्ञान, सीप प्रदान गर्ने भएकाले विषयवस्तुको छनोट विद्यार्थीको रुचि, क्षमता, स्तरलाई ध्यानमा राखी विभिन्न क्षेत्रबाट गरिनु पर्दछ। विद्यार्थीको पूर्वज्ञान भाषिक आवश्यकतालाई ख्याल गरी सीपमूलक अभ्यासमा टेवा पुऱ्याउने विषयवस्तुको छनोट गर्नुपर्दछ। यस किसिमका विषयवस्तु नैतिक मूल्य र मान्यता जगाउने चरित्र निर्माणमा सहयोग पुऱ्याउने, श्रमप्रति आस्था जगाउने, सहयोगी, सिर्जनशील, भावना जगाउन उत्प्रेरित, सामाजिक, सांस्कृतिक विविधतालाई समेट्न सक्ने, देशप्रेमको भावना जगाउने, समावेशी, लैङ्गिक समानतालाई बढावा दिने हुनुपर्दछ। यिनै आधारमा प्रस्तुत पाठ्यपुस्तकमा प्रयुक्त विषयवस्तुलाई हेर्ने प्रयास गरिएको छ।

कक्षा छको प्रस्तुत किताब (हाम्रो नेपाली किताब) मा राखिएका विषयवस्तु सामाजिक, प्राकृतिक, नैतिक, सांस्कृतिक, देशप्रेमको भावना झल्काउने, श्रममूलक, लोकजीवनसँग सम्बन्धित क्षेत्रको प्रतिनिधित्व गर्ने किसिमका देखिन्छन्। यी विषयवस्तुहरूले मूलतः उपदेश, सहयोग, मेलमिलाप, कर्तव्य, वातावरण, राष्ट्र, राष्ट्रियताजस्ता पक्षमा जोड दिएको पाइन्छ। साथै पाठ्यक्रमको स्तर र पाठ्यक्रमको सिद्धान्तलाई सामान्यतः पालना गरेको देखिन्छ।

यो पाठ्यपुस्तकमा राखिएका विषयवस्तुको क्षेत्रलाई तलको तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. १**

**विषयवस्तुको क्षेत्र**

| क्र. सं. | पाठ्य पुस्तक | कविता | कथा | निबन्ध/ प्रबन्ध | रूपक | जीवनी | चिठी |
|---|---|---|---|---|---|---|---|
| १. | हाम्रो नेपाली किताब | छन्दलय<br>लोकलय<br>छन्दलय<br>लोकलय | लोककथा<br>लोककथा<br>पौराणिक<br>सामाजिक<br>नीतिकथा | सांस्कृतिक<br>सामाजिक<br>वैज्ञानिक<br>व्यावसायिक<br>प्राकृतिक<br>वातावरणीय | संवाद<br>वाद-विवाद | विचारक<br>साहित्यकार<br>प्रेरक<br>व्यक्तित्व<br>आविष्कारक | घरायसी<br>कार्यालयीय |

यो पाठ्यपुस्तक विद्यार्थीको उमेर, पूर्वअनुभव, स्तर र क्षमतालाई आधार मानी तयार पारिएको हुनाले विषयवस्तुहरू पाठ्यक्रम नजिक देखिन्छन् । प्रस्तुत पाठ्यपुस्तकमा भएका विषयवस्तुहरूले पाठ्यक्रमले निर्दिष्ट गरेका क्षेत्रहरूलाई समेटेको पाइन्छ ।

## ३.२.२ विधा र प्रस्तुतिका आधारमा निर्धारित भाषा पाठ्यपुस्तकको अध्ययन

विधागत प्रयोगका दृष्टिबाट हेर्दा प्रस्तुत पुस्तकमा ६ विधाहरू प्रयोग गरिएका छन् । ती विधाहरू र विधासम्बद्ध पाठहरू तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २**

**विधाहरू र सम्बद्ध पाठहरू**

| क्र.सं. | विधा | विधागत पाठहरू | क्षेत्र | संख्या |
|---|---|---|---|---|
| १. | कविता | १. ईश्वरको स्तुति<br>२. भानुभक्त श्रद्धान्जलि<br>३. राष्ट्रको अखण्डता<br>४. नेपालआमा प्रति | धार्मिक/ छन्दबद्ध<br>पौराणीक/छन्दबद्ध<br>राष्ट्रिय/छन्दबद्ध<br>देशप्रेम/छन्दबद्ध | ४ |
| २. | कथा | १. युक्ति सामु शक्ति टिक्दैन<br>२. ठूले र साने | लोककथा<br>सामाजिक | ५ |

| | | | | |
|---|---|---|---|---|
| | | ३. डुहुरे मुसा र सेतो बिरालो<br>४. युधिष्ठीरको परीक्षा<br>५. सारौं र कमिलो | लोककथा<br>पौराणिक<br>नीति कथा | |
| ३. | प्रबन्ध | १. सामजिक मेलमिलाप<br>२. कृषि मल<br>३. वातारणको रक्षा<br>४.हिमाल<br>५. गुरु शिष्यको सम्वन्ध | सामाजिक<br>व्यवसायिक<br>वातावरणीय<br>प्राकृतिक<br>सांस्कृतिक | ५ |
| ४. | जीवनी | १. साहित्यकार भवनी भिक्षु<br>२. लुइ पास्चर<br>३. महामानव गौतम बुद्ध<br>४. समाजसेवी तुलसीमेहर | राष्ट्रिय साहित्यकार<br>अन्तष्ट्रिय आविष्कारक<br>अन्तर्राष्ट्रिय विचारक<br>अन्तर्राष्ट्रिय प्रेरक व्यक्तित्व | ४ |
| ५. | रूपक | १. आफ्नै खट्टामा उभिन सिक्नुपर्छ ।<br>२. शहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ | संवाद<br>वादविवाद | २ |
| ६. | चिठी | १. पितासँग पुत्रको आग्रह<br>२.प्रधानाध्यापकलाई निवेदन | घरायसी<br>कार्यालयीय | २ |

यस पाठ्यपुस्तकमा राखिएका २२ वटा पाठहरूमध्ये ४ कविता, ५ कथा, ५ प्रबन्ध, ४ जीवनी, २ रूपक र २ वटा चिठी छन् । जसअन्तर्गत १८ वटा गद्य विधा छन् भने ४ वटा पद्य विधाहरू राखिएका छन् । प्रस्तुत पाठ्यपुस्तकमा राखिएका पद्य विधाहरू क्रमशः २०, २०, २४ र १६ हरफमा रचना भएका छन् । गद्य विधाअन्तर्गत सबैभन्दा छोटो पाठ १० वाक्य (प्रधानाध्यापकलाई निवेदन) देखि १२७ वाक्य (सारौं र कमिलो ) सम्मका छन् । प्रस्तुत पाठ्यपुस्तकमा भएका वाक्यहरू २ शब्ददेखि ३० शब्द सम्मका छन् ।

यस पुस्तकमा अनुच्छेद संख्या २ प्रधानाध्यापकलाई निवेदन) देखि १६ (सारौं र कमिलो) सम्मका छन् । पाठका शीर्षकहरू १ शब्ददेखि ६ शब्दसम्मका संरचित छन् । विधाहरूको रखाइक्रम कविता, कथा, प्रबन्ध, संवाद, जीवनी, कविता, कथा,

प्रबन्ध,चिठी,कथा, वादविवाद, कविता, कथा, जीवनी, प्रबन्ध, जीवनी, प्रबन्ध, निवेदन, प्रबन्ध। कविता, जीवनी, कथाको आधारमा क्रम मिलाएर राखिएको छ। यसरी हेर्दा पाठ्यपुस्तकमा विधा वितरण सन्तुलित रहेको देखिन्छ ।

भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरू राखिएका हुन्छन् । ती विधाहरूको आ-आफ्नै प्रयोजन हुन्छन् । भाषा पाठ्यपुस्तकमा राखिने विषयवस्तुहरू विधाअनुरूप नै हुनुपर्दछ । यसैअनुरूप कुनै एउटा विधामा राख्न सकिने विषयवस्तु अर्को विधामा राख्नु लापरबाही हुन सक्छ । अर्को तर्फ कविता विधाले समेट्न सक्ने विषयवस्तु र कथा विधाले समेट्न सक्ने विषयवस्तु फरक-फरक हुन्छ । यस आधारमा एउटा विधाले समेट्न सक्ने विषयवस्तु अर्को विधाले समेट्न सक्दैन । भाषिक सीप विकासका दृष्टिले विधागत विविधतामा ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

नि.मा.वि. तहका कक्षाहरूमा सिकाइको पूर्वक्षमता, आवश्यकता, रुचि र मानसिक दक्षताअनुरूप विषयवस्तु चयन गर्नु उपयुक्त हुन्छ । यसरी चयन गरिएका विषयवस्तुहरूको प्रस्तुति पनि तहअनुरूप नै हुनु आवश्यक हुन्छ । विधागत पाठहरूको लम्बाइ, वाक्य गठन, सरल र जटिलताक्रम, शीर्षकजस्ता पक्षहरू प्रस्तुतिका दृष्टिले महत्त्वपूर्ण मानिन्छन् ।

कक्षा छको नेपाली किताबमा कविता, कथा, निबन्ध/प्रबन्ध, जीवनी, चिठी, रूपक गरी ६ विधाअन्तर्गत २२ पाठहरू राखिएका छन् । यसरी हेर्दा हाम्रो नेपाली किताबमा राखिएका पाठहरू पाठ्यक्रमद्वारा निर्दिष्ट विधा तिनको संख्या र यो पाठ्यपुस्तकमा राखिएका विधा र तिनको संख्यालाई तलको तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ३**

**पाठ्यक्रमद्वारा निर्दिष्ट विधा र तिनको संख्या**

| **क्र.सं.** | **विधा** | **पाठ्यक्रमद्वारा निर्दिष्ट विधा संख्या** | **हाम्रो नेपाली किताब** |
|---|---|---|---|
| १. | प्रबन्ध/ निबन्ध | ५-६ | ५ |
| २. | कथा | ५-६ | ५ |
| ३. | जीवनी | ३-४ | ४ |
| ४. | चिठी | २ | २ |
| ५. | रूपक | २ | २ |
| ६. | कविता | ४ | ४ |
| | जम्मा | २१-२४ | २२ |

उपर्युक्त पाठ्यपुस्तकअनुसार प्रायः विधामा समानता पाइन्छ। खासगरी जीवनी विधाले साहित्यकार, आविष्कारक, विद्वान्-विचारक, प्रेरक व्यक्तित्व क्षेत्रलाई समेटेको पाइन्छ भने चिठी विधाले घरायसी र कार्यालयीय क्षेत्रलाई समेटेको पाइन्छ। हाम्रो नेपाली किताब कक्षा ६ मा पौराणिक, लोक, सामाजिक, आधुनिक स्रोतका कथाहरू राखिएका पाइन्छन्। निबन्ध/प्रबन्ध हाम्रो नेपाली किताबमा सांस्कृतिक, वैज्ञानिक/प्राविधिक नीतिपरक कलात्मक खालका पाइन्छन्। रूपक विधाअन्तर्गत संवाद र वादविवाद राखिएका पाइन्छन्। कविता विधाअन्तर्गत लोकलय, छन्दलय राखिएको पाइन्छ।

विधागत पाठहरूको रखाइक्रम हेर्दा सुरुमा कविता राखिएको पाइन्छ भने दोस्रो, तेस्रो, चौथो, पाँचौँ र छैटौँ पाठहरू पनि क्रमशः कथा, निबन्ध/प्रबन्ध, जीवनी, संवाद, कविता विधा राखिएको छ। सातौँ पाठमा चिठी राखिएको छ भने विधागत पाठहरूको प्रस्तुतिका दृष्टिले सरल र रोचक पाठहरू अगाडि र क्रमशः जटिल पाठहरू पछाडि

अर्थात्, सरलताबाट जटिलतामा जानुपर्छ भन्ने शिक्षाशास्त्रीय मान्यता प्रस्तुत पाठ्यपुस्तकमा अवलम्बन गरिएको पाइँदैन। साहित्यिक विधाको प्रयोजनअनुरूप विषयवस्तुको प्रस्तुति हुनुपर्ने मानिन्छ। हाम्रो नेपाली किताब नेपाल सरकार, शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा तयार पारिएको र राज्यका सम्पूर्ण विद्यालयमा अनिवार्य रूपमा पठनपाठन हुने पुस्तक भएकाले सरलतातर्फ सचेत हुनु आवश्यक छ।

### ३.२.३ भाषिक संरचना र शैलीका आधारमा निर्धारित भाषा पाठ्यपुस्तकको अध्ययन

भाषा पाठ्यपुस्तकमा भाषिक संरचना भन्नाले वाक्य, अनुच्छेद गठन र पाठ संरचना आदिलाई बुझाउँछ । यस शोधमा सबैभन्दा लामो र छोटा पाठ, पाठमा प्रयुक्त शब्द, वाक्य, अनुच्छेद संख्या आदि के-कस्ता रहेका छन् भनी अध्ययन गरिएको छ । वाक्यगठन र शब्द चयनका दृष्टिले विचार गर्दा उक्त पाठ्यपुस्तकमा प्रयुक्त भाषाशैली शब्दचयन तथा पठन सरल र स्तरअनुरूपकै देखिन्छ । यो पाठ्यपुस्तकमा पृष्ठसंख्या, वाक्य, अनुच्छेद र पाठमा कतिदेखि कतिसम्म शब्द, वाक्य र अनुच्छेद छन् भनी अध्ययन गर्न तलको तालिकाको प्रयोग गरिएको छ ।

**तालिका नं. ४**

**पाठ्यपुस्तकमा भएका पृष्ठसंख्या, वाक्य, अनुच्छेद र शब्दहरू**

| पाठ्यपुस्तक | वाक्य | अनुच्छेद | | पाठ (सानोदेखि ठूलो) | | | |
|---|---|---|---|---|---|---|---|
| हाम्रो नेपाली किताब | २-३० | १०-२०० | २-१६ | १०५-९५८ | १०-१२७ | ३-२४ | १-७ |

प्रस्तुत किताबमा पृष्ठ ३ देखि ७ पृष्ठसम्म फैलिएका पाठहरू छन् भने पाठका वाक्यहरू ८ देखि १२० सम्मका छन् । यसतै पुस्तकका पाठका अनुच्छेदहरू १० शब्ददेखि २०० शब्दसम्मका छन् । त्यस्तै अनुच्छेद १ वाक्यदेखि १९ वाक्यसम्म फैलिएका छन् । वाक्य २ शब्द देखि ३० शब्दसम्मका छन् । पाठहरूको संरचना २ अनुच्छेददेखि १६ अनुच्छेदसम्म रहेको छ । त्यस्तै यसै पाठ्यपुस्तकका पाठहरू १०५ शब्द (पाठ : प्रधानाध्यापकलाई निवेदन) देखि लिएर ९५८ शब्द (पाठ : सारौं र कमिलो ) सम्म फैलिएका छन् ।

विधागत पाठका संरचनालाई लम्बाइका दृष्टिबाट हेर्दा प्रस्तुत किताबको पहिलो किताब २० हरफको छ भने अन्य क्रमशः २०, २४ र १६ हरफका छन् । पहिलो पाठ

कविता र अन्तिम पाठ कथा  रहेका छन् । सबैभन्दा छोटो वाक्य 'गोबर सोहोर्थे' ठूले र साने (पृष्ठ ३९)  हो भने लामो वाक्य 'युधिष्ठिरलाई मृत्युको भय थिएन' तर आफूलाई सोधिने प्रश्नको उत्तर दिनु उनले आफ्नो कर्तव्य ठानेर भने "अदृश्य रुपमा प्रश्नको उत्तर माग्ने तपाइँको हुनुहुन्छ , मलाई थहा छैन प्रश्न सोध्नुहोस । युधिष्ठिरको परीक्षा ३० शब्द (पृष्ठ ८१) हो ।  प्रस्तुत किताबमा भएका कमीकमजोरीलाई समय-परिस्थितिअनुसार सुधार गरी निर्माण गरिएकाले कक्षा सातका विद्यार्थीको स्तर अनुकूल रहेको पाइन्छ। प्रस्तुत पुस्तक सरकारी विद्यालयमा पठनपाठन गरिने भएकाले देशभरिका सम्पूर्ण नि.मा.वि. तहका कक्षा छका विद्यार्थीहरूको क्षमता, स्तर आदिलाई ध्यानमा राखी सरलतातर्फ सचेत भई पाठ्यपुस्तक निर्माण गरिएको छ ।

लामा वाक्यहरू प्रयोग गरिनु पाठ्यपुस्तकको कमजोरी देखिन्छ। विधागत शैलीको दृष्टिबाट हेर्दा पाठ्यपुस्तकका कविताहरू लयबद्ध छन् । गद्य विधाका पाठहरू पनि वर्णनात्मक र विवरणात्मक प्रकृतिका नै छन् ।

भाषिक संरचनाले वाक्य, अनुच्छेद गठन, पाठ संरचना आदिलाई बुझाउँछ। शैली भन्नाले प्रस्तुति ढाँचालाई बुझाउँछ। पाठमा तत्सम, तद्भव, आगन्तुक शब्दको प्रशस्त प्रयोग भएको छ । उपसर्ग, प्रत्यय, समास, द्वित्व भएर शब्दनिर्माण भएका छन् । लम्बाइका दृष्टिले विधागत पाठहरूको संरचना निम्नानुसार देखिन्छ। पाठ्यपुस्तकमा समाविष्ट कविताहरू क्रमशः ईश्वरको स्तुति २०, भानुभक्त श्रद्धान्जलि २०, राष्ट्रको अखण्डता २४ र नेपाल आमाप्रति १६ हरफमा संरचित छन् । गद्य विधाका पाठहरूमा सरल, मिश्र र संयुक्त तीन प्रकारकै वाक्यहरूको प्रयोग भएको छ। मिश्र र संयुक्त वाक्यभन्दा सरल वाक्यको प्रयोग बढी मात्रामा भएको छ। यस पाठ्यपुस्तकका पाठहरू ४ देखि १० पृष्ठसम्ममा संरचित छन् । पाठका वाक्यहरू १० (प्रधानाध्यापकलाई निवेदन पृष्ठ ११५) देखि १२७ वाक्य सारौं र कमिलो पृष्ठ १३६  सम्ममा संरचित छन् । पाठका वाक्यहरू २ शब्द (ठूले र साने पृष्ठ ३९) देखि ३० शब्द युधिष्टिरको परीक्षा  पृष्ठ ८१ सम्मका रहेका छन् ।

यस पाठ्यपुस्तकमा २ अनुच्छेद प्रधानाध्यापकलाई निवेदन पृष्ठ ११५-११६) देखि लिएर १६ अनुच्छेद (सारौं र कमिलो पृष्ठ १३६-१३८) सम्म फैलिएका छन् । यस पाठ्यपुस्तकको सबभन्दा लामो वाक्य युधिष्ठिरलाई मृत्युको भय थिएन तर आफूलाई सोधिने प्रश्नको उत्तर दिनु उनले आफ्नो कर्तव्य ठानेर भने "अदृश्य रुपमा प्रश्नको उत्तर माग्ने तपाइँ को हुनुहुन्छ , मलाई थाहा छैन तर प्रश्न सोध्नुहोस । ( युधिष्टिरको परीक्षा ३० शब्द, पृष्ठ ८१) हो भने सबैभन्दा छोटा वाक्य हुन्छ (२ शब्द गोबर सोहोर्थे, ठूले र साने पृष्ठ ३९ ) हो । यस पाठ्यपुस्तकको सबैभन्दा लामो पाठ सारौं र कमिलो १२७ वाक्य तथा ९५८ शब्द र छोटो पाठ प्रधानाध्यापकलाई निवेदन १० वाक्य तथा १२८ शब्दसम्म निर्माण भएका छन् ।

### ३.२.४ नमुना अभ्यासका आधारमा निर्धारित पाठ्यपुस्तकको अध्ययन

पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारहरूमध्ये नमुना अभ्यासलाई मुख्य आधार मानिन्छ । भाषा भनेको व्यवहार भएकाले ती नमुना अभ्यासहरू व्यवहार निर्माण गर्न सक्ने खालका हुनुपर्दछ । नेपाली किताबमा दिइएका नमुना अभ्यासहरू विभिन्न प्रकारका छन् । ती प्रकार र जम्मा नमुना अभ्यासलाई तलको तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ५**

**नमुना अभ्यासका प्रकार र जम्मा नमुना अभ्यास**

| क्र.सं. | नमुना अभ्यासका प्रकार | जम्मा नमुना अभ्यास |
|---|---|---|
| १. | प्रश्नोत्तर | ४ |
| २. | छोटा प्रश्नोत्तर | २२ |
| ३ | मौखिक उत्तर | ५ |
| ४ | व्याख्या | ११ |
| ५ | वाक्यमा प्रयोग | २२ |
| ६ | सस्वर वाचन | ८ |
| ७ | उच्चारण | १७ |
| ८ | व्याकरण | २२ |
| ९ | सिर्जनात्मक अभ्यास | २२ |
| १० | शुद्धसँग लेख्ने | २२ |
| ११ | श्रुति लेखन | ४ |
| १२ | जोडा मिलाउने | ४ |
| १३ | पाठसम्बन्धी अन्य | ३५ |
| १४ | खाली ठाउँ भर्ने | ८ |
| १५ | शब्दको अर्थ | १३ |
| | जम्मा | २०५ |

भाषा पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासहरू विधागत पाठअनुरूप हुनुपर्दछ । हाम्रो नेपाली किताब कक्षा छमा हरेक विधागत पाठहरूको अन्तमा ८ देखि १५ वटासम्म अभ्यासहरू राखिएका छन् । प्रश्नोत्तर २२ वटा, व्याख्या ११ वटा, वाक्यमा प्रयोग २२ वटा, सस्वर वाचन ८ वटा, उच्चारण गर्ने १७ वटा, व्याकरण२२

वटा, सिर्जनात्मक अभ्यास२२ वटा, शुद्धसँग लेख्ने २२ वटा, श्रुतिलेखन र जोडा मिलाउने ४/४ वटा, पाठसम्बन्धी अन्य अभ्यासहरू ३५ वटा, खाली ठाउँ भर्ने ८ वटा तथा शब्दको अर्थ १३ वटा अभ्यासहरू राखिएका छन् ।

यसरी राखिएका अभ्यासहरूमा विविधता रहेको पाइन्छ। लेखाइसम्बन्धी अभ्यासहरू बढी मात्रामा दिइएको छ भने भाषिक सीप सिकाइसम्बन्धी अभ्यासहरू कम मात्रामा राखिएका छन् । अभ्यासको प्रकृति कतिपय ठाउँमा पाठ्यक्रमअनुकूल पाइन्छ भने कतै पाइँदैन । सबै पाठमा सबै किसिमको भाषिक सीप विकास गराउने अभ्यास राखिएको पाइँदैन । कुनै पाठको अन्त्यमा कुनै एक सीपको विकास गराउने अभ्यास राखिएका छन् भने कुनै पाठको अन्त्यमा कुनै अर्को सीपको विकास गराउने अभ्यासहरू राखिएका छन् । एकै अभ्यासबाट एकभन्दा बढी भाषिक सीपको विकास गराउने अपेक्षा राखिए तापनि एकै अभ्यासबाट एकभन्दा बढी सीपको विकास गराउने अभ्यास राखिएको पाइँदैन । लेखाइसम्बन्धी अभ्यास बढी राखिएका छन् भने सुनाइ, बोलाइ र पढाइसम्बन्धी अभ्यास कम मात्रामा राखिएका छन् । माथिल्ला कक्षाहरूमा पाठ्यक्रमको लक्ष्य नै लेखाइ सीपको विकास गराउनु भएकाले यस पुस्तकमा लेखाइसम्बन्धी अभ्यासहरू बढी मात्रामा दिइएका छन् । पाठ्यपुस्तकमा अभ्यासले प्रशस्त स्थान ओगटेको हुनाले पाठ्यपुस्तक अभ्यासमूलक छ भन्न सकिन्छ ।

भाषा शिक्षण गर्ने कार्य विधाका पाठहरूबाट मात्र सम्भव हुँदैन । यसका लागि भाषिक अभ्यासहरूको पनि खाँचो पर्दछ। भाषा पाठ्यपुस्ततकमा राखिएका अभ्यासहरूले मात्रै पाठ्यक्रमले अपेक्षा गरेका सीपको विकास गराउन कठिन हुन्छ। त्यसैले पाठ्यपुस्तकमा राखिएका अभ्यासहरू शिक्षकलाई भाषिक सीपसम्बन्धी थप अभ्यास गराउन सहयोग गर्ने हुनुपर्दछ। भाषिक सीप विकासका लागि भाषा पाठ्यपुस्तकमा राखिएका अभ्यासहरू पर्याप्त नहुने हुनाले यिनलाई नमुना अभ्यास मान्नुपर्ने हुन्छ। नमुना अभ्यासकै आधारमा शिक्षकले अन्य थप अभ्यास गराउने भएकाले नमुना अभ्यास प्रभावकारी नहुनु आवश्यक मानिन्छ। त्यसैले प्रस्तुत

पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासहरूको स्थितिबारे अध्ययन गर्ने प्रयास गरिएको छ ।

यस पाठ्यपुस्तकमा विधागत पाठहरूपछि अभ्यास राखिएको छ । विधागत पाठ सिद्धिएपछि पहिला शब्दार्थ राखी त्यसपछि मात्रै अन्य प्रकृतिका अभ्यासहरू दिइएका छन् । शब्दार्थसम्बन्धी अभ्यासहरू बीचबीचमा दिइएका छन् । पाठ्यपुस्तकमा रहेका अभ्यास र तिनको प्रकृति र संख्यालाई तलको तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका नं. ६**

**अभ्यास र तिनको प्रकृति र संख्या**

| क्र.सं. | पाठ्यपुस्तक | अभ्यासको प्रकृति | अभ्यास संख्या |
|---|---|---|---|
| १. | हाम्रो नेपाली किताब | शब्दभण्डार | २२ |
| २. | | प्रश्नोत्तर | २२ |
| ३. | | वाक्य निर्माण | २२ |
| ४. | | शुद्ध लेख्ने | १७ |
| ५. | | लय हाली पढ्ने | ८ |
| ६. | | उच्चारण गर्ने | १० |
| ७. | | खालीठाउँ भर्ने | ९ |
| ८. | | जोडा मिलाउने | ४ |
| ९. | | व्याख्या गर्ने | २१ |
| १०. | | भाव स्पष्ट गर्ने | १५ |
| ११. | | सिर्जनात्मक अभ्यास | १८ |
| १२. | | पाठसम्बन्धी अन्य | १४४ |
| | | जम्मा | २८५ |

सीपसम्बन्धी अभ्यासहरू उक्त पाठ्यपुस्तकमा सुनाइ, बोलाइभन्दा पढाइ र पढाइभन्दा लेखाइ सीप बढी संख्यामा रहेका देखिन्छन् । एउटै अभ्यास एकभन्दा बढी भाषिक सीपको विकास गराउन सकिने खालका अभ्यास पनि रहेका छन् ।

### ३.२.५ समाविष्ट चित्रका आधारमा भाषा पाठ्यपुस्तकको अध्ययन

प्रस्तुत पाठ्यपुस्तकमा विधाका पाठहरूमा प्रशस्त मात्रामा चित्रहरूको प्रयोग गरिएको छ । विधाका धेरैजसो पाठहरूमा चित्रको प्रयोग गरिएको छ । प्रत्येक विधामा १ देखि ३ वटासम्म चित्रहरू राखिएका छन् । चित्रहरू सबै सादा रङमा उतारिएका छन् । काला घुमैला प्रवृत्तिका छन् । जसमा यस पाठ्यपुस्तकमा ३२कक वटा चित्रको प्रयोग गरिएका छन् । चित्रको प्रयोग यस पाठ्यपुस्तकमा गरेको पाइन्छ । प्रस्तुत किताबमा एउटा पाठमा १ देखि ३ वटासम्म चित्रको प्रयोग भएका छन् । संख्यात्मक रूपले चित्रहरूको संख्या कम मात्रामा भए पनि चित्र गुणात्मक रूपमा स्पष्ट र आकर्षक छन् । सबैभन्दा बढी तीनओटा चित्र भएको पाठ ‘डुहुरे मुसा र सेतो बिरालो’ र सबैभन्दा कम एक चित्र भएको पाठ ‘ईश्वरको स्तुति’ रहेका छन् ।

### ३.२.६ भूमिका तथा निर्देशनका आधारमा निर्धारित पाठ्यपुस्तकको अध्ययन

प्रस्तुत पाठ्यपुस्तकमा भूमिकाअन्तर्गत ४ पृष्ठ रहेका छन् । यसमा पाठ्यपुस्तकको नाम, कक्षा, प्रकाशक, संस्करण, मुद्रण, मूल्यसम्बन्धी जानकारी र जनक शिक्षा सामग्री केन्द्रको अनुरोध राखिएको छ । प्रकाशकको हाम्रो भनाइमार्फत कि त पाठ्यपुस्तकको परिवर्तन, परिमार्जन, विभिन्न व्यक्तिको योगदानको चर्चा गर्नुका साथै रचनात्मक सुझावको लागि अपेक्षा गरेको छ । साथै यस खण्डमा विषयसूचीअन्तर्गत पाठ शीर्षक र विधाको उल्लेख गर्नुका साथै पृष्ठसंख्या पनि दिइएको छ ।

# परिच्छेद चार

## निर्धारित पाठ्यपुस्तकको पाठ्यक्रमअनुरूपताको अध्ययन

### ४.१ विषय प्रवेश

पाठ्यपुस्तकलाई पाठ्यक्रम कायान्वयनको महत्त्वपूर्ण शैक्षिक सामग्रीका रूपमा प्रयोग गरिन्छ। पाठ्यक्रमको लक्षित उद्देश्य पूर्ति गर्ने महत्त्वपूर्ण शैक्षिक सामग्री पाठ्यपुस्तक भएकाले यसलाई पाठ्यक्रमअनुरूप निर्माण गरिनु पर्दछ। अन्यथा पाठ्यक्रमको औचित्य रहँदैन र पाठ्यपुस्तकको पनि औचित्य रहन्न। पाठ्यक्रम खासगरी राष्ट्रको आवश्यकतालाई ध्यानमा राखी निर्माण गरिएको हुन्छ भने पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप निर्माण गरिन्छ। पाठ्यक्रममा सूत्रबद्ध रूपमा लिखित कुराहरूको व्याख्यात्मक प्रस्तुतिकरण पाठ्यपुस्तकमा रहेको हुन्छ।

भाषा पाठ्यक्रमले अपेक्षा गरेका भाषिक सीप पूरा गर्न भाषा पाठ्यपुस्तकमा विभिन्न विधाका पाठ तथा अभ्यासहरू राखिएका हुन्छन्। अभ्यासअन्तर्गत शब्दभण्डार, प्रश्नोत्तर, वाक्यनिर्माण खाली गर्ने भर्ने, शुद्धसँग उच्चारण गर्ने, शुद्धसँग लेख्ने आदि अभ्यासहरू राखिएका हुन्छन्, जुन भाषिक सीप विकासमा प्रत्यक्ष सहयोगी हुन्छन्।

पाठ्यक्रमको अपेक्षाअनुकूलको पाठ्यपुस्तक निर्माण भएन भने राष्ट्रको लगानी डुब्ने र अध्ययनकर्ता पनि आफ्नो गन्तव्यमा पुग्न नसक्ने हुन्छ। त्यसकारण पाठ्यपुस्तकको निर्माण पाठ्यक्रमको उद्देश्यअनुरूप हुनुपर्दछ। यसैअनुरूप यहाँ कक्षा ६ को भाषा पाठ्यपुस्तक हाम्रो नेपाली किताब पाठ्यक्रमअनुरूप निर्माण भएको छ वा छैन यहाँ हेर्ने प्रयास गरिएको छ। प्राथमिक तहको नेपाली विषयको पाठ्यक्रममा समाविष्ट कक्षा छका कक्षागत उद्देश्यहरू नि.मा.वि. तहको नेपाली विषयको पाठ्यक्रममा राखिएको छः

**सुनाइ र बोलाइ**

१. उच्चरित ध्वनिहरु सुनी तिनको भिन्नता पहिल्याउन,

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,

३. अरूले भनेका कुरा ध्यानपूर्वक सुन्न र भन्न ,

४. सामान्य मौखिक वर्णनहरु सुनी मुख्य कुरा बताउन,

५. कविता,गीत कथा आदि आनन्दका साथ सुनी प्रतिक्रिया जनाउन,

६. स-साना कुराकानी सम्वाद प्रश्नोत्तर आदि सुनी मौखिक अभिव्यक्तिमा भाग लिन ,

७. आफूले देखेका, सुनेका र बुझेका वस्तु वातावरण र घटनाका विषयमा सामान्य वर्णन गर्न,

८. सिलसिला र हाउभाउ मिलाई बोल्न

**पढाइ**

१. लिखित सामग्रीलाई गति, यति मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न,

२. मुख्यमुख्य कुरा बताउन सक्ने गरी विभिन्न पाठ पढ्न,

३. लिखित सामग्रीलाई मौनवाचन गर्न ,

४. विभिन्न उद्देश्यले विधागत पाठहरु पढ्न ,

५. पाठमा प्रयुक्त शब्दहरुको आशय बुझी प्रयोग गर्न,

६. विभिन्न विधाका पाठहरु भाव ठम्याइ पढ्न,

७. विभिन्न विधाका पाठहरुबाट शब्दभण्डारको वृद्धि गर्न ।

**लेखाइ**

१. हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न,

२. लेख्यचिह्नहरूको उपयुक्त प्रयोग गरी लेख्न,

३. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न,

४. आफूले देखेका , बुझेकावस्तु, तथा घटनाको लिखित वर्णन गर्न,

५. स-साना रचनाहरू (अनुच्छेद, चिठी, निवेदन, आदि) सिलसिला मिलाई लेख्न,

६. आफ्नो रुचिअनुसारका विषयमा मौलिक रचना गर्न,

७. विशिष्ट अंशहरूको भाव विस्तार गर्न,

८. वाक्यमा पद सङ्गति आदि बुझी तिनको उपयुक्त प्रयोग गर्न ,

९. सुनेका र पढेका विषयवस्तुको सार लेख्न,

**तालिका नं. ७**

**पाठ्यक्रमले तोकेका ६ कक्षाका विधाको क्षेत्र र क्रम तालिका**

| क्र.सं. | विधा | क्षेत्र |
|---|---|---|
| १. | प्रबन्ध/निबन्ध | क) सामाजिक<br>ख) व्यावसायिक<br>ग) वातावरणीय<br>घ) प्रकृतिक<br>ङ) साँस्कृतिक |
| २. | कथा | क) लोककथा<br>ख) नीतिकथा<br>ग) पौराणिक<br>घ) सामाजिककथा |
| ३. | जीवनी | राष्ट्रिय अन्तर्राष्ट्रिय<br>क) साहित्यकार/ कलाकार<br>ख) विद्वान्/ विचारक<br>ग) आविष्कारक<br>घ) प्रेरक व्यक्तित्व |
| ४. | चिठी | क) घरायसी<br>ख) कार्यालयीय |
| ५. | रूपक | क) संवाद<br>ख) वादविवाद |
| ६. | कवित | क) लयबद्ध<br>ख) छन्दलय<br>ग) लोकलय |
| ७. | व्याकरण<br>अ) पदसङ्गति | क) लिङ्ग<br>ख) पुरुष<br>ग) वचन<br>घ) आदर |
| | आ. काल | क) वर्तमान<br>ख) भूत<br>ग) भविष्यत काल |

| | | |
|---|---|---|
| | इ) पक्ष | क) अपूर्ण<br>ख) पूर्ण |
| | ई) अर्थ वा भाव | क) सामान्यार्थ<br>ख) आज्ञार्थ<br>ग) सम्भावनार्थ |
| | उ)वाक्य परिवर्तन | लिङ्ग, वचन, पुरुष र अकरणका आधारमा |
| | ऊ) शब्दवर्ग | क) नाम<br>ख) सर्वनाम<br>ग) विशेषण<br>घ) क्रियापद |
| | ए) कारक र विभक्ति | विभक्ति (ले, लाई, द्वारा, को, का, की, रो, रा,री, नो, ना, नी, देखि, बाट, म) को प्रयोग |
| | ऐ) लेख्य चिह्न | क) पूर्णविराम<br>ख) प्रश्नचिह्न<br>ग) अल्पविराम<br>घ) उद्गार चिह्न<br>ङ) कोष्ठक चिह्न |
| | ओ) वर्णविन्यास | पाठमा प्रयुक्त शब्दहरूका वर्णविन्यासको उपयुक्त प्रयोग<br>क) ह्रस्वदीर्घ (इ, ई, उ, ऊ)<br>ख) य/ ए<br>ग) ब/ व<br>घ) श/ ष/ स<br>ङ) ग्यँ/ ज्ञ<br>च) ञ/ ण/ न<br>छ) पदयोग/ पदवियोग |
| ८. | शब्दभण्डार र उखानटुक्का (पाठमा प्रयुक्त शब्दहरूका साथै उखानटुक्का समेत) | क) पर्यायवाची<br>ख) विपरीतार्थी<br>ग) श्रुतिसमभिन्नार्थी<br>घ) परिभाषिक/ प्राविधिक<br>ङ) अनुकरणात्मक |

**तालिका नं. ७**

**पाठ्यक्रमद्वारा निर्धारित कक्षा छ को विधाका पाठहरूको वितरण**

सामान्यतया निम्नलिखित विधामा कक्षागत रूपमा निम्नानुसार पाठहरूको वितरण गर्नु उपयुक्त हुनेछ-

| **विधा** | **पाठसंख्या** |
|---|---|
| कथा | ५-६ |
| कविता | ४ |
| प्रबन्ध/ निबन्ध | ५-६ |
| रूपक | २ |
| जीवनी | ३-४ |
| चिठी | २ |
| जम्मा | २१-२४ |

## ४.२ कक्षा छ को नेपाली पाठ्यक्रमअनुरूप हाम्रो नेपाली किताबको अध्ययन

### ४.२.१ उद्देश्य र विधागत दृष्टिले अध्ययन

भाषा पाठ्यक्रममा भाषिक सीप विकासको लक्ष्य राखिएको हुन्छ। सोही लक्ष्यअनुसार सीप विकास गर्न भाषा पाठ्यपुस्तकमा विभिन्न प्रकृतिका विधागत पाठहरू तथा विधागत पाठअन्तर्गतका भाषिक अभ्यासहरू, जस्तै : शब्दार्थ, प्रश्नोत्तर, वाक्यनिर्माण, खाली ठाउँ भर्ने, शुद्धसँग उच्चारण गर्नेजस्ता विभिन्न अभ्यासहरू राखिएका हुन्छन्। कक्षा ६ मा भाषा पाठ्यक्रमका उद्देश्य पूरा गर्ने खालका पाठ र अभ्यासहरू पाठ्यपुस्तकमा राखिएका छन्/ छैनन्, केलाउने प्रयास गरिएको छ।

जीवनी, कथा, कविताले विद्यार्थीलाई आनन्दपूर्वक सुनेर आफ्नो अभिव्यक्तिको विकास गरी सुनाइ र बोलाइ सीपको विकास गराउनमा सहयोग पुऱ्याउने देखिन्छ।

पाठहरू पढेर विद्यार्थीले आफ्नो अभिव्यक्ति क्षमताको विकास पनि गर्न सक्छन् । पढाइ सीप विकास गराउनमा पनि कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी विधा उपयुक्त देखिन्छ । कवितालाई सस्वरवाचन गर्न गति, यति र लय मिलाएर वाचन गर्न प्रबन्ध, जीवनी र कथालाई शुद्धसँग वाचन गर्न प्रत्येक शब्दलाई सही उच्चारण गर्न र भावार्थ बुझ्न सहयोग पुग्ने देखिन्छ ।

लेखाइ सीपको विकास गराउने उद्देश्यले पनि कथा, कविता, जीवनी, प्रबन्धजस्ता विधाहरू समावेश गरिएका हुन्छन् । कक्षा ६ को हाम्रो नेपाली किताबमा पाठको अन्तमा अभ्यासहरू दिइएका छन् । उक्त पाठ्यपुस्तकमा पढाइ सीप र सुनाइ सीपको विकास गर्ने उद्देश्यले शुद्धसँग उच्चारण गरजस्ता अभ्यासहरू राखिएका छन् भने शब्द र खाली ठाउँ भर, विपरीतार्थक शब्द, शब्दको अर्थजस्ता अभ्यासले शब्द भण्डारसम्बन्धी उद्देश्यको आंशिक परिपूर्ति गर्ने देखिन्छ । वाक्यमा प्रयोगसम्बन्धी अभ्यासहरूमा व्याकरणका नियमहरू पालन गरी वाक्य निर्माण गर्नुपर्ने हुँदा कार्यमूलक व्याकरणको उद्देश्य आंशिक रूपमा पूरा गर्न सहयोग पुऱ्याउने देखिन्छ । खाली ठाउँ भर्ने अभ्यासहरूमा लिङ्ग, वचन, पुरुष, काल आदिको सङ्गति मिलाइने भएकाले यसले पनि कार्यमूलक व्याकरणको उद्देश्य केही हदसम्म पूरा गर्ने देखिन्छ । शुद्ध पारी लेखनसम्बन्धी अभ्यासले लेखाइ सीपको विकास गर्ने लक्ष्य लिएको देखिन्छ ।

### ४.२.१.१ भाषिक सीपका दृष्टिले अध्ययन

#### ४.२.१.१.१. सुनाइ/ बोलाइ

कक्षा छको पाठ्यक्रम २०६४ ले कक्षागत उपलब्धिअन्तर्गत सुनाइ र बोलाइ सीपका जम्मा आठओटा उद्देश्य राखेको छ । प्रस्तुत पुस्तकमा सुनाइ र बोलाइ सीपको विकास गराउने विभिन्न अभ्यासहरू दिइएका छन् । प्रत्येक पाठमा तलका शब्दहरू शुद्धसँग उच्चारण गर्न भनिएको छ । यसबाट बोलाइ सीपको विकास हुने देखिन्छ । उक्त पाठ्यपुस्तकका कविता विधाअन्तर्गत अभ्यासमा उक्त

कवितालाई लय हालेर वाचन गर भनिएको छ। यसबाट सुनाइ र बोलाइ सीपको विकासमा सहयोग पुग्ने देखिन्छ। त्यसैगरी उक्त पाठ्यपुस्तकमा व्याकरण खण्डअन्तर्गत पढ र बुझसम्बन्धी अभ्यास दिइएको छ। यसले पनि पढाइ सीपको विकासमा सहयोग पुऱ्याउँछ। यस्तै उक्त पाठ्यपुस्तकको गद्य विधाअन्तर्गत कुनै अनुच्छेद सस्वर वाचन गर, शिक्षकबाट सुनेर लेख, पाठ हेरी सच्याऊ भन्ने अभ्यासहरू दिइएका छन्। सुनाइ सीपको विकासमा यस्ता अभ्यासहरू उपयोगी हुने देखिन्छन्। शुद्धसँग उच्चारण गरी वर्णको शुद्ध उच्चारण गर्न सक्ने प्रत्येक कविताका अभ्यासमा दिइएको माथिका कविता लय हालेर पढ अभ्यासले उचित हाउभाउका साथ गाउन सक्ने सीपको विकास गर्ने देखिन्छ। त्यस्तै सुनाइ सीपको विकास गराउन पनि उक्त पाठ्यपुस्तकमा विभिन्न अभ्यासहरू दिएका छन्। जस्तैः प्रष्ट सँग उच्चारण गरः जगदीश्वर, ग्रहगण, शक्ति, टम्म, अपरम्पार आदि। त्यस्तै शिक्षकले भनेको सुनेर लेखः तारासारा, नाथसाथ, दाताविधाता, टम्मसम्म आदि।

### ४.२.१.१.२ पढाइ

कक्षा छको पाठ्यक्रममा पढाइ सीपको विकास गराउन पढाइसम्बन्धी सातओटा उद्देश्यहरू निर्धारण गरिएका छन्। प्रस्तुत हाम्रो नेपाली किताबमा राखिएका सबैजसो पाठहरूले पठनबोधको विकास गराउने देखिन्छ। पाठ्यपुस्तकमा राखिएका २२ वटै पाठहरूमा पठनबोधसम्बन्धी अभ्यासहरू राखिएको पाइन्छ। तलका शब्दहरू शुद्धसँग पढ र उच्चारण गर जस्ता अभ्यासले लेखिएका कुरा शुद्ध र स्पष्टसँग उच्चारण गरी पढ्न सक्ने उद्देश्यको पूति गर्ने देखिन्छ। तलको अनुच्छेद राम्ररी पढ र सोधिएका प्रश्नको उत्तर देऊ, तलको छोटो कथा पढेर सोधिएका प्रश्नको छलफल गरजस्ता अभ्यासले सरल साहित्य सस्वर पठन गर्ने उद्देश्य पूरा गर्ने देखिन्छ। यसले पढाइ र लेखाइ दुवै सीपको विकास गर्ने देखिन्छ। तलका शब्दहरू शुद्धसँग उच्चारण गरले पनि पढ्ने सीपको विकास गराउँछ। यस्ता अभ्यासहरू प्रशस्त भइरहेका छन्।

### ४.२.१.१.३ लेखाइ

लेखाइ सीपअन्तर्गत पाठ्यक्रममा नौ ओटा उद्देश्य राखिएका छन् । यी उद्देश्यहरू प्राप्त गरी विद्यार्थीहरूमा लेखाइ सीप हासिल गराउनका लागि हाम्रो नेपाली किताबमा कथा, निबन्ध/प्रबन्ध जीवनी, चिठी, रूपक, कविता र व्याकरणजस्ता विधा र तिनका सम्बन्धित पाठहरू समायोजन गरिएका छन् । पाठ्यपुस्तकमा समायोजन गरिएका प्रायः सबैजसो पाठहरू र तिनका अभ्यासहरूले लेखाइ सीपलाई बढी जोड दिएका छन् । भाषातत्त्व व्याकरण खण्डले पनि हुबहु लेखाइ सीपलाई बढी जोड दिइएको पाइन्छ । यसका लागि हरेक पाठहरूका अन्तिम अभ्यास खण्ड र तिनमा वाक्यमा प्रयोग गर, उत्तर देऊ, व्याख्या गरजस्ता अभ्यासहरू राखिएका छन् भने सिर्जनात्मक अभ्यासको सिर्जना गरी विद्यार्थीको लेखन सीप विकास गर्नका लागि कविता लेख, कथा लेख, निबन्ध लेख, वादविवाद लेख आदि समावेश गरिएको छ । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ एक-अर्कामा अन्तरसम्बन्धित हुन्छन् भन्ने यथार्थलाई आत्मसात गरिए पनि सीपगत सन्तुलन मिलाउन सकिएको देखिंदैन ।

### ४.२.१.१.४ व्याकरणिक दृष्टिले अध्ययन

पाठ्यक्रमले राखेका व्याकरणका उनान्चालीस उपशीर्षकअन्तर्गन उनान्चालीस उद्देश्यहरू रहेका छन् । पाठ्यपुस्तकमा व्याकरणका तत्त्वहरूलाई मूल पाठका रूपमा नराखी विधागत पाठमा राखिएका अभ्यासहरूको अन्त्यमा व्याकरण शीर्षकमा छुट्टै समावेश गराइएको पाइन्छ ।

**) पदसङ्गति**

लिङ्ग, वचन र पुरुषको प्रयोगसम्बन्धी अभ्यासहरूपाठ दुई, तीन, पाँच र २२ को पृष्ठ ११, १८, ३१, १४२  मा परिभाषा र स्पष्ट उदाहरणसहित दिइएको पाइन्छ ।

) **काल**

वर्तमान, भूत र भविष्यत् कालको प्रयोगसम्बन्धी अभ्यासहरूपाठ सात, आठ र नौ को पृष्ठ ४४, ५० र ५५ मा परिभाषा र उदाहरणसहित स्पष्ट पारिएको छ ।

) **अर्थ वा भाव**

सामान्यार्थ, आज्ञार्थ र सम्भावनार्थको प्रयोग सम्बन्धी अभ्यासहरू पाठ चारको पृष्ठ २५ मा उदाहरणसहित प्रस्ट्याइएको पाइन्छ ।

) **वाक्य परिवर्तन**

लिङ्ग ,वचन ,पुरुष र करणको आधारमा पाठ १७ को पृष्ठ ११२, ११३ र ११४ का अभ्यासमा उदारण सहित स्पष्ट पारिएको छ ।

) **शब्दवर्ग**

नाम पाठ १२ को पृष्ठ ७७, सर्वनाम पाठ १३ को पृष्ठ ८५, विशेषण पाठ १४ को पृष्ठ ९१ र क्रियापद पाठ १५, को पृष्ठ ९९ का अभ्यासहरूमा उदाहरणसहित स्पष्ट  पारिएको पाइन्छ ।

) **कारक र विभक्ति**

विभक्तिसम्बन्धी अभ्यासहरू पाठ १८ को पृष्ठ ११७ मा परिभाषा र उदाहरणसहित स्पष्ट उल्लेख गरिएको छ । विराम चिन्हसम्बन्धी अभ्यास पाठ दुईको पृष्ठ १३ का उदाहरणसहित स्पष्ट पारिएको छ । त्यसैगरी वर्णविन्याससम्बन्धी अभ्यास पाठ ६ को पृष्ठ ३७ मा उदाहरणसहित स्पष्ट पारिएको पाइन्छ ।

) **शब्दप्रयोग र शब्दभण्डारका दृष्टिले अध्ययन**

पाठ्यपुस्तकमा दुई शब्द (पृष्ठ ३९) देखि ३० शब्द (पृष्ठ ८१) सम्मका वाक्यहरू राखिएका छन् । पाठ्यक्रमका यति नै शब्दसम्मका वाक्यहरू हुनुपर्दछ भन्ने कुनै किटान गरिएको पाइँदैन ।

पाठ्यपुस्तकले पाठमा प्रयुक्त शब्दहरूलाई केन्द्रविन्दु मानी विभिन्न विषय क्षेत्रका शब्दभण्डारको विकास गराउने उद्देश्य, राखेको छ । पाठ्यक्रमले किटान गरेअनुसार शब्दभण्डार वृद्धि गर्न पर्यायवाची, विपरीतार्थी, परिभाषित तथा प्राविधिक अनुकरणात्मक जस्ता शब्दहरूको प्रयोग गरिएको पाइन्छ ।

### ४.२.२ विधाको क्षेत्र, क्रमका आधारमा अध्ययन

पाठ्यक्रमले समग्रमा निर्दिष्ट गरेका ८ ओटा पाठ्यक्षेत्रका उद्देश्य परिपूर्ति गर्नका लागि छओटा मूल विधा (कथा, कविता, प्रबन्ध, रूपक, जीवनी, चिठी) भित्र–भित्र जम्मा २१-२४ वटा उपविधाहरूको क्षेत्र र क्रम निर्धारण गरेको छ । पाठ्यक्रमले विधाको क्रममा सुरुमा प्रबन्ध /निबन्ध राखेको छ भने पाठ्यपुस्तकमा कविता राखिएको छ । पाठ्यक्रमले लोक, नीति, पौराणिक/ऐतिहासिक, ५–६ वटा कथाको निर्दिष्ट गरेको छ भने पाठ्यपुस्तकमा दुईओटा लोककथा, एउटा सामाजिक कथा र एउटा पौराणिक, एउटा नीतिगत गरी पाँचओटा कथा राखिएको पाइन्छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय, साहित्यकार/कलाकार, विद्वान्-विचारक, साहित्यकार प्रेरक व्यक्तित्व, वैज्ञानिक/ आविष्कार गरी चारवटै जीवनी गरिएको पाइन्छ । पाठ्यक्रमले घरायसी र कार्यालयीय गरी दुई क्षेत्रका चिठी निर्दिष्ट गरेको छ भने पाठ्यपुस्तकमा यसैअनुरूप दुईवटा चिठी राखिएको छ । अन्य कविता, रूपक, प्रबन्ध विधाहरूमा पनि पाठ्यक्रमले निर्दिष्ट गरेअनुरूप नै विधाहरू पाठ्यपुस्तकमा राखिएका छन् ।

विधागत पाठहरूको रखाइक्रमा कविता, कथा, प्रबन्ध,संवाद,जीवनी कविता, कथा, प्रबन्ध, चिठी, कथा,वादविवाद, कविता, कथा, जीवनी, प्रबन्ध, जीवनी, प्रबन्ध, निवेदन, प्रबन्ध, कविता, जीवनी, कथा, रहेका छन् । यो पाठ्यक्रमले सुरुमा प्रबन्ध

राखेकोमा यस पाठ्यपुस्तकमा कविता राखिएको छ। यो क्रमअनुरूप नभए तापनि विद्यार्थीका रुचिका दृष्टिले उपयुक्त मान्न सकिन्छ।

# परिच्छेद पाँच
## निष्कर्ष र सुझावहरू

### ६.१ विषयप्रवेश

कक्षा छ को नेपाली भाषापाठ्यक्रमका आधारमा पाठ्यक्रम विकास केन्द्रद्वारा निकालिएको हाम्रो नेपाली किताब कक्षा ६ निर्माण गरी अनिवार्य पाठ्यपुस्तकका रूपमा लागू गरिएको छ। यही सन्दर्भमा यो सामग्री कक्षा छको नेपाली भाषा पाठ्यक्रमका आधारमा तयार भएका छन्/छैनन्? के-के सबल तथा दुर्बल पक्षहरू रहेका छन् जस्ता कुराहरूको यस शोधकार्यमा अध्ययन गरिएको छ। कुनै पनि पाठ्यपुस्तक अध्ययन विश्लेषण यसको विशिष्टताका कारणले अझ कठिन हुन जान्छ। पाठ्यपुस्तकको अध्ययन विश्लेषण आधारलाई प्रयोग गरेर विशेषताहरूको अध्ययन गरिएको छ। यस अध्ययनबाट प्राप्त निष्कर्ष र सुझाव निम्नानुसार प्रस्तुत गरिएको छ।

### ६.२ निष्कर्ष

१. पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रमलाई मुख्य आधार बनाइएको पाइन्छ। पाठ्यक्रमको उद्देश्यलाई परिपूर्ति गर्नेगरी भाषा पाठ्यपुस्तकमा विभिन्न विधा र पाठको चयन गरिन्छ तर यो पाठ्यपुस्तक पाठ्यक्रमअनुरूपताका आधारमा हुबहु चयन गरिएको पाइन्छ,

२. पाठ्यक्रमले भाषाका चारै सीपको विकासका लागि आवश्यक जोड दिइएको देखिन्छ। पाठ्यक्रमअनुरूप पाठहरू र पाठअनुरूप नमुना अभ्यास हुनुपर्ने हो तर त्यो हुन सकेको छैन,

३. प्रस्तुत पाठ्यपुस्तकमा भाषातत्त्वलाई पाठका रूपमा नराखी अभ्यासको रूपमा मात्र राखिएको छ,

४. पाठ्यपुस्तकमा पाठहरूको रखाइक्रम सरलबाट जटिलतिर जाने शिक्षाशास्त्रीय पद्धतिलाई अँगाल्न सकेको देखिँदैन,

५.	भाषातत्त्वका अभ्यासहरू प्रस्तुत पाठ्यपुस्तकमा परिभाषा र उदाहरण प्रशस्त मात्रामा दिइएका छन्,

६.	हाम्रो नेपाली किताब कक्षा ६ मा पाठका अन्तमा व्याकरणसम्बन्धी अभ्यासमा एउटा पक्षको पूर्ण अभ्यास गराइएको छ,

७.	पृष्ठ संख्याका हिसाबले १४४ पृष्ठ छन्,

८.	हाम्रो नेपाली किताबमा पाठको प्रत्येक पृष्ठको अन्त्यमा शब्दार्थ दिइएको छ,

९.	प्रस्तुत पुस्तकका विधा संख्या पाठ्यक्रमद्वारा निर्दिष्ट विधा संख्यामा मिल्दोजुल्दो देखिन्छ,

१०.	पाठ्यपुस्तकमा व्याकरणलाई छुट्टै पाठमा राखिएको छैन। तापनि अभ्यासमा राखिएको छ,

११.	संख्यात्मकरूपमा भन्नुपर्दा प्रस्तुत किताबमा चित्रहरूको प्रयोग कम गरिएको छ।

## ६.३ सुझावहरू

१.	विषयवस्तुको संयोजनका दृष्टिले पाठ्यपुस्तकलाई अझ सान्दर्भिक बनाउनका लागि समयानुकूलको विषयवस्तुमा जोड दिनुपर्ने आवश्यकता देखिन्छ,

२.	पाठ्यक्रममा पौराणिक र ऐतिहासिक विषयवस्तुको मात्रा घटाइ स्तरअनुकूलको बोध र अभिव्यक्ति क्षमताको विकास गराउनुपर्ने, आउने पिँढीका लागि लोकतान्त्रिक जैवनशैलीको विकास गर्ने किसिमका पाठ्यपुस्तक निर्माण गर्नुपर्ने देखिन्छ,

३.	पाठ्यपुस्तक निर्माण गर्दा शिक्षाशास्त्रीय नियमलाई अँगाल्नुपर्ने देखिन्छ,

४. प्राथमिक तहका पाठ्यपुस्तक व्याकरणका सैद्धान्तिक ज्ञानमा जोड नदिई भाषा पाठ्यपुस्तककै अभ्यासबाट धारणात्मक सुझको विकास हुने प्रकृतिका अभ्यास राखी पाठ्यपुस्तक तयार गर्नु राम्रो हुन्छ,

५. स्तरअनुसारका वाक्य गठन हुनु आवश्यक देखिन्छ,

६. पाठ्यपुस्तकलाई पाठ्यक्रमअनुरूप बनाउन अझ बढी नयाँ शब्द र भाषिक सीपलाई जोड दिने अभ्यासहरू राख्नुपर्ने देखिन्छ,

७. चित्रको प्रयोग किताबमा उपयुक्त ढङ्गले बनाई गर्नुपर्ने देखिन्छ,

८. पाठ्यपुस्तकमा शिक्षण निर्देशन दिइनुपर्ने देखिन्छ ।

## ६.४ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू

भावी अनुसन्धानका लागि निम्नलिखित शीर्षकहरू उपयुक्त हुने देखिन्छ :

१. बाह्य विशेषताहरूको आधारमा कक्षा ७ को नेपाली पाठ्यपुस्तकको अध्ययन ।

२. प्राज्ञिक विशेषताका आधारमा कक्षा ८ को नेपाली पाठ्यपुस्तकको अध्ययन ।

३. हाम्रो नेपाली किताब कक्षा ७ र कक्षा ६ को प्रयुक्त प्राज्ञिक विशेषताहरूको तुलनात्मक अध्ययन ।

४. बाह्य विशेषताहरूको आधारमा कक्षा ४ र कक्षा ५ का नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन ।

५. माध्यमिक तहमा गरिने निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रक्रियाको अध्ययन ।